Himalayan General Insurance Co. Ltd.
हिमालयन जनरल ईन्स्योरेन्स कं लि.

# २०औं
## वार्षिक प्रतिवेदन
## २०७०

*Your Security Our Concern*

# बिषय सूचि


| | |
|---|---|
| संचालक समिति | ५ |
| व्यवस्थापन समूह | ६ |
| वार्षिक प्रतिवेदन | ७ |
| लेखापरिक्षकको प्रतिवेदन | १३ |
| वासलात | १५ |
| नाफा-नोक्सान हिसाब | १६ |
| एकिकृत आय व्यय हिसाब | १७ |
| अग्नि बीमाको आय व्यय हिसाब | १८ |
| सामूद्रिक बीमाको आय व्यय हिसाब | १९ |
| मोटर वीमाको आय व्यय हिसाब | २० |
| ठेकेदार तथा इन्जिनियरिङ्ग आय व्यय हिसाब | २१ |
| हवाई वीमाको आय व्यय हिसाब | २२ |
| विविध वीमाको आय व्यय हिसाब | २३ |
| इक्युटीमा भएको परिवर्तन | २४ |
| नगद प्रवाहको विवरण | २५ |
| अनुसूचीहरु | २६ |
| तुलनात्मक वित्तीय संक्षिप्त विवरण | ५० |
| लेखाचित्रहरु | ५१ |
| आ.व ०६९/७० को वित्तीय विवरण स-शर्त स्वीकृति | ५४ |
| प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन प्रस्ताव | ५६ |

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.

बबरमहल, जि.पि.ओ. बक्स १४८, काठमाडौं, नेपाल
फोन नं. ४२३१७८८, ४२१३०१४

## प्रवेश पत्र

शेयरधनीको नाम...................................................शेयर प्रमाण पत्र नं........................ शेयरधनी नं....................... शेयरधनीको सहि..............................शेयर संख्या.......................हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको २०७१ साल बैशाख २५ गते बिहिवारका दिन बीसौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

नोट : शेयरधनी आफैले खाली कोष्ठहरु भर्नुहोला । (सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

...............................
ध्रुव प्रसाद न्यौपाने
कम्पनी सचिव

✂.............................................................................................................................................

## प्रोक्सी-फारम

श्री संचालक समिति
हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.
बबरमहल, काठमाण्डौ ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.........................................................जिल्ला....................................न.पा./गा.वि.स. वडा नं............बस्ने म/हामी................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७१ साल बैशाख २५ गते बिहिवारका दिन हुने बीसौं वार्षिक साधारण सभामा म/हामी स्वयम उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फवाट भाग लिन तथा मतदान गर्नका लागि ....................................... जिल्ला .................... न.पा./गा.वि.स. वडा नं.........बस्ने त्यस कम्पनीका शेयरवाला श्री.................................................शेयर प्रमाणपत्र नं...................... लाई मेरो/हाम्रो प्रनिनिधि मनोनीत गरी पठाएको छु/छौ ।

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
कि.नं......... देखि...........सम्म
शेयर संख्या :

प्रतिनिधि नियुक्त भएको व्यक्तीको,
हस्ताक्षरको नमुना:
शेयर प्रमाणपत्र नं.:
शेयरधनी नं.:
मिति:

नोट : एकभन्दा बढि प्रोक्सीको नाम उल्लेख गरेमा र शेयरधनी वाहेकको व्यक्तीलाई प्रोक्सी मुकरर गरेमा प्रोक्सी फाराम रद्द गरिनेछ । प्रोक्सी फाराम वार्षिक साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घन्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, ववरमहलमा दर्ता गरिसक्नु पर्नेछ ।

## साधारण सभासम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हूने शेयरधनीहरुले यो पुस्तिका साथमा लिई आउनुहन अनुरोध छ ।

२. सभा हुने तोकिएको स्थान र समयमा नै सबै शेयरधनी महानुभावहरुलाई सभा कक्षभित्र उपस्थित हुन विनम्र अनुरोध गरिन्छ ।

३. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउँनेछन् ।

४. संयुक्तरुपमा लिएको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरेको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

५. छलफलको विषय विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहेको विषय वारे सभा हुन भन्दा कम्तीमा ७ दिन अगावै अध्यक्षलाई लिखित रुपमा कम्पनीको बबरमहल स्थित कार्यालयमा दिनुपर्नेछ ।

६. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सभापति वा निजले तोकेको व्यक्तिबाट सामूहिक रुपमा उत्तर दिइनेछ ।

७. मिति २०७१/०१/१० देखि २०७१/०१/२५ गतेसम्म कम्पनीको शेयर दाखिल खारेज बन्द हुनेछ ।

८. वार्षिक प्रतिवेदन २०७० शेयरधनी महानुभावहरुको घर ठेगानामा पठाइएको छ । सभामा उपस्थित हुन चाहने शेयर धनी महानुभावहरुले प्रवेश-पत्र अनिवार्य रुपले लिई आउन हुनको साथै तोकिएको स्थान र समयमा नै सभाकक्षभित्र उपस्थित हुन विनम्र अनुरोध गरिन्छ । कारणवश वार्षिक प्रतिवेदन नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो शेयर प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनूरोध गरिएको छ ।

९. साधारण सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम वार्षिक साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घन्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, ववरमहलमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ती कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

१०. अन्य जानकारीका लागि कम्पनीको बबरमहलस्थित कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.
बबरमहल, जि.पि.ओ. बक्स १४८, काठमाडौं, नेपाल
फोन नं. ४२३१७८८, ४२१३०१४

मिति : २०७१/०१/०२

प्रिय शेयरधनी महानुभावहरु,

मिति २०७० साल चैत्र ०७ गते बसेको संचालक समितिको बैठक नं. १६७ को निर्णयानुसार यस कम्पनीको बीसौं वार्षिक साधारण सभा २०७१ बैशाख २५ गते बिहिवारका दिन दिउँसो २ बजे बस्ने भएको हुंदा सम्बन्धित कानुन बमोजिम त्यसको सूचना दैनिक पत्रिकाहरुमा प्रकाशित भइसकेको जानकारी दिंदै तत्सम्बन्धी विवरणहरु सहितको यो पुस्तिका यहाँहरु समक्ष पठाएको छु ।

आज्ञाले

.........................

ध्रुव प्रसाद न्यौपाने
कम्पनी सचिव

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.

## वीसौं वार्षिक साधारण सभा बस्ने

## सूचना

मिति २०७१/१२/०७ गते वसेको हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लि. को संचालक समितिको वैठक नं. १६७ को निर्णयानुसार कम्पनीको बीसौं वार्षिक साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा निम्न विषय उपर छलफल गर्न बस्ने भएको छ ।

मिति : २०७१ साल बैशाख २५ गते बिहिवार ।
स्थान : ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ ।
समय : दिउँसो २ बजे ।

बीसौं वार्षिक साधारण सभाको लागि विषय-सूची
सामान्य प्रस्तावहरूः

क) सामान्य प्रस्ताव:

१) वीसौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित आ. व. २०६९।७० को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३) आ. व. २०७०।७१ को लागी लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई स्वीकृत गर्ने । (वर्तमान लेखापरीक्षक सुन्दर एण्ड कं. श्री सुन्दर मान श्रेष्ठ पून: नियुक्तीको लागि योग्य हुनुहुन्छ ।)
४) विविध ।

(ख) विशेष प्रस्ताव

(१ वीमा समितिको निर्देशन अनुसार हालको संचालक समितिको पदावधी सकिए पछि लागु हुने गरि संचालकको संरचना परिवर्तन गरि कम्पनीमा ६ (छ) जनाको संचालक समिति वनाउने । जसमा संस्थापक समुहवाट ३ (तीन) जना, सर्वसाधारण समुहवाट २ (दुई) जना र स्वतन्त्र संचालक १ (एक) जना रहने गरि नियमावलीको नियम १७ (२) मा संशोधनको प्रस्तावित मस्यौदा स्वीकृत गर्ने ।
२) विविध ।

सचिव
संचालक समिति

# संचालक समिति



**बाँया देखि दायाँ :**

पहिलो पंक्ती

विजित कृष्ण श्रेष्ठ
संचालक

अजय रत्न स्थापित
संचालक
सर्वसाधारण शेयरधनीको तर्फबाट

महेन्द्र कृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

बिक्रम कृष्ण श्रेष्ठ
संचालक

सन्नी श्रेष्ठ
संचालक
सर्वसाधारण शेयरधनीको तर्फबाट

दोश्रो पंक्ती

दशरथ लाल श्रेष्ठ
स्वतन्त्र संचालक

माधव दास श्रेष्ठ
संचालक

राज कृष्ण श्रेष्ठ
अध्यक्ष

नुरा कुमारी शर्मा
संचालक
सर्वसाधारण शेयरधनीको तर्फबाट

# व्यवस्थापन समूह



**बाँया देखि दायाँ :**

| | | | | | |
|---|---|---|---|---|---|
| राम कृष्ण महर्जन<br>ब. प्रबन्धक | रतन कुमार लामा<br>ब. प्रबन्धक | आर. नाईडु<br>प्राबिधिक सल्लाहकार | निरज मान सिं प्रधान<br>सहायक प्रबन्धक | महेन्द्र कृष्ण श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | |
| अन्जु श्रेष्ठ<br>सहायक प्रबन्धक | बिमला के. सी.<br>मुख्य प्रबन्धक | सुवर्ण लाल श्रेष्ठ<br>आर्थिक सल्लाहकार | ध्रुव प्रसाद न्यौपाने<br>प्रबन्धक | सुशिल बज्राचार्य<br>नायब महाप्रबन्धक | ललित कुमार क्षेत्री<br>नायब महाप्रबन्धक |

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको

## बीसौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री राज कृष्ण श्रेष्ठज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०६९/०७० को वार्षिक प्रतिवेदन

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

**"यस हिमालयन जनरल ईन्स्योरेन्स कम्पनीको बीसौ वार्षिक साधारण सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू तथा आमन्त्रित विभिन्न संस्थाका प्रतिनिधी अतिथिहरूलाई यस कम्पनी तथा म आफ्नो तर्फबाट समेत स्वागत एबं अभिवादन गर्दछु । यस सभामा यस कम्पनीको आर्थिक वर्ष २०६९/०७० को वार्षिक प्रतिवेदन साथै आर्थिक वर्षको अन्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु । त्यस सम्बन्धमा यहांहरूको राय सुझावहरू सभा समक्ष प्रस्तुत गर्नु हुनेनै छ र यि विवरणहरू अनुमोदन हुनेमा विश्वस्त छौ ।"**

सो आर्थिक वर्षमा भए गरेका संक्षिप्त कारोवार विवरणहरु तल उल्लेख गर्न चाहन्छू ।

### १. आर्थिक वर्ष २०६९/०७० को कारोबारको सिंहावलोकन

आर्थिक वर्ष २०६९/७० मा कुल प्रिमियम आम्दानी रु.८९,८०,५३,५५५ पुगेको छ । सो कुल प्रिमियम गत वर्षको दांजोमा ५०.९० प्रतिशतले बृद्धि भएको छ । गत वर्ष २०६८/६९ मा कुल प्रिमियम आम्दानी रु.५९,५१,४४,३६६ पुगेको थियो । समिक्षा वर्षमा हवाई बीमाको कारोवारमा उल्लेखनिय बृद्धि भएको छ ।

आर्थिक वर्ष २०६८/६९ र आर्थिक वर्ष २०६९/७० को कुल प्रिमियम आम्दानीको तुलनात्मक विवरण देहाय वमोजिम भएको उल्लेख गर्न चाहन्छु ।

**(क) कुल प्रिमियम आम्दानी**

| बीमा व्यबसाय | २०६९/७० | | | २०६८/६९ | | |
|---|---|---|---|---|---|---|
| | कूल प्रिमियम | % | बृद्धि % | कूल प्रिमियम | % | बृद्धि % |
| अग्नि बीमा | ९,०७,३४,३५० | १० | २९.९७ | ६,९८,१३,४६३ | १२ | १४.०४ |
| सामूद्रिक बीमा | २,३०,३५,८३६ | ३ | ४६.८८ | १,५६,८३,८९३ | ३ | ५८.०३ |
| मोटर बीमा | १९,०९,३९,०६९ | २१ | १६.११ | १६,४४,५२,३१९ | २७ | ३.९९ |
| ठेकेदार जोखिम तथा इन्जिनियरिङ्ग बीमा | ४,४१,९०,७७० | ५ | (७.५७) | ४,७८,११,१६३ | ८ | ८५.५७ |
| बिबिध बीमा | २३,२४,५४,१६६ | २६ | १.०६ | २३,००,०६,५९८ | ३९ | ८.१० |
| कुल प्रिमियम संकलन (हवाईबाहेक) | ५८,१३,५४,१९१ | ६५ | १०.१५ | ५२,७७,६७,४३६ | ८९ | १२.८१ |
| हवाई बीमा | ३१,६६,९९,३६४ | ३५ | ३७०.०४ | ६,७३,७६,९३० | ११ | (१७) |
| कुल प्रिमियम आम्दानी | ८९८०,५३,५५५ | १०० | ५०.९० | ५९,५१,४४,३६६ | १०० | ८.४१ |

### (ख) व्यबसायगत आम्दानी (Underwriting Profit)

आर्थिक वर्ष २०६९/७० मा व्यवसायगत आम्दानी गत वर्षको तुलनात्मक विवरण देहाय वमोजिम रहेको छ ।

प्रिमियम आम्दानी तर्फः

| विवरण | २०६९/७० | २०६८/६९ | फरक रकम | बृद्धि/घटी प्रतिशत |
|---|---|---|---|---|
| कुल प्रिमियम आम्दानी | ८९,८०,५३,५५५ | ५९,५१,४४,३६६ | ३०,२९,०९,१८९ | ५०.९० |
| न्यून पूनर्बीमा प्रिमियम भुक्तानी | ६७,४६,४६,२४१ | ४०,०९,९०,०८६ | २७,३६,५६,१५५ | ६८.२५ |
| **खूद प्रिमियम** | २२,३४,०७,३१४ | १९,४१,५४,२८० | २,९२,५३,०३४ | १५.०७ |
| अघिल्लो बर्षको असमाप्त जोखिम कोष सारी ल्याएको | ९,७०,९७,८२२ | ९,०९,०९,५६० | ६१,८८,२६२ | ६.८१ |
| **जम्मा** | ३२,०५,०५,१३६ | २८,५०,६३,८४० | ३,५४,४१,२९६ | १२.४३ |
| न्यून यस बर्षको असमाप्त जोखिम कोष ब्यबस्था | ११,१७,०३,६५७ | ९,७०,७७,१४० | १,४६,२६,५१७ | १५.०७ |
| खूद आर्जित प्रिमियम | २०,८८,०१,४७९ | १८,७९,८६,७०० | २,०८,१४,७७९ | ११.०८ |
| पुनर्बीमा कमिसन | ६,५१,०९,८६४ | ५,७०,९०,०२९ | ८०,१९,८३५ | १४.०५ |
| लगानी, कर्जा तथा अन्यवाट आय | ३,२६,०७,८५७ | २,८०,८०,३७८ | ४५,२७,४७९ | १६.१२ |
| अन्य प्रत्यक्ष आय | २,९३,८०० | ३,३५,७२२ | (४१,९२२) | (१२.४९) |
| **(अ) कुल जम्मा ब्यबसायगत आम्दानी** | ३०,६८,१३,००० | २७,३४,९२,८२९ | ३,३३,२०,१७१ | १२.१८ |

**व्यय तर्फः**

| विवरण | २०६९/७० | २०६८/६९ | फरक रकम | बृद्धि/घटी प्रतिशत |
|---|---|---|---|---|
| कुल दाबी भुक्तानी | १८,३१,६३,०९१ | ४१,११,०९,९७२ | (२२,७९,४६,८८१) | (५५.४५) |
| न्यून पुनर्बीमा असुली | ७,५२,७६,११४ | ३१,४५,७३,५४६ | (२३,९२,९७,४३२) | (७६.०७) |
| यो बर्षमा खूद दाबी भुक्तानी | १०,७८,८६,९७७ | ९,६५,३६,४२६ | १,१३,५०,५५१ | ११.७६ |
| गत बर्षको खूद दाबी ब्यबस्था सारेको | ९,२२,०२,२३२ | ७,७३,५५,६४३ | १,४८,४६,५८९ | १९.१९ |
| यो बर्षको खूद दाबी भुक्तानी | १,५६,८४,७४५ | १,९१,८०,७८३ | (३४,९६,०३८) | (१८.२३) |
| यो बर्षको अनुमानित दायित्व दावी व्यवस्था | ९,७८,००,४१६ | ९,२२,०२,२३२ | ५५,९८,१८४ | ६.०७ |
| यो बर्षको खूद दाबी खर्च | ११,३४,८५,१६१ | ११,१३,८३,०१५ | २१,०२,१४६ | १.८९ |
| अभिकर्ता कमिसन | २,५९,५७,५७५ | २,२३,०५,६२१ | ३६,५१,९५४ | १६.३७ |
| पुनर्बीमा कमिसन | ३९,९३,५२० | ३५,४७,४५५ | ४,४६,०६५ | १२.५७ |
| बीमा सेवा शुल्क | २४,१३,६१५ | २०,७०,५२८ | ३,४३,०८७ | १६.५७ |
| अन्य प्रत्यक्ष खर्च | १,९०,३०० | १,९०,७२२ | (४२२) | (०.२२) |
| व्यवस्थापन खर्च | ५,१६,९९,३३४ | ४,८७,०४,७८० | २९,९४,५५४ | ६.१५ |
| **(आ) कुल व्यबसायगत खर्च** | १९,७७,३९,५०५ | १८,८२,०२,१२१ | ९५,३७,३८४ | ५.०७ |
| **(इ) व्यबसायगत आम्दानी (अ-आ)** | १०,९०,७३,४९५ | ८,५२,९०,७०८ | २,३७,८२,७८७ | २७.८८ |

समिक्षा वर्षमा व्यवसायगत आम्दानी तर्फ अघिल्लो वर्षको तुलनामा २७.८८ प्रतिशत अर्थात रु.२,३७,८२,७८७ ले बृद्धि भएको छ ।

**(ग) प्रतिफल**

आर्थिक वर्ष २०६९/७० र २०६८/६९ मा देहाए वमोजिम संचालन नाफा आर्जन भएको जानकारी गराउन चाहन्छु ।

| आम्दानी तर्फ | २०६९/७० | २०६८/६९ | फरक रकम | बृद्धि/घटी प्रतिशत |
|---|---|---|---|---|
| व्यवसायगत आम्दानी | १०,९०,७३,४९५ | ८,५२,९०,७०८ | २,३७,८२,७८७ | २७.८८ |
| बिभिन्न आम्दानी | १,२१,२३,५३३ | १,४६,५०,६७४ | (२५,२७,१४१) | (१७.२५) |
| जम्मा आम्दानी | १२,११,९७,०२८ | ९,९९,४१,३८२ | २,१२,५५,६४६ | २१.२७ |
| न्यून: विभिन्न खर्च | १,७०,०१,८३४ | ५६,२३,००६ | १,१३,७८,८२८ | २०२.३६ |
| सचालन नाफा बोनस पछि | १०,४१,९५,१९४ | ९,४३,१८,३७६ | ९८,७६,८१८ | १०.४७ |

आर्थिक वर्ष २०६९/७० मा संचालन नाफा गत वर्षको दांजोमा १०.४७ प्रतिशतले बृद्धि भई रु.१०,४१,९५,१९४ आर्जन भएको छ । अघिल्लो आर्थिक बर्ष २०६८/६९ मा संचालन नाफा रु.९,४३,१८,३७६ भएकोमा शंकास्पद असामी रु.९,४६,८१,३५३ व्यवस्था गर्दा रु.३,६२,९७७ नोक्सानी हुन गएको थियो ।

अघिल्लो वर्षमा आयकर व्यवस्था, स्थगन कर समायोजन र अघिल्लो वर्षको संचिति नाफा समेत हिसाब मिलाउँदा रु.४,१८,७७०,९६ संचिति नोक्सानी वासलातमा सारिएको थियो ।

आर्थिक वर्ष २०६९/७० मा संचालन नाफा मध्ये आयकर व्यवस्था रु.३,१७,२९,४५४ कटाउँदा रु.७,२४,६५,७४० खुद नाफा आर्जन भएको छ ।

समिक्षा वर्षमा बीमा नियमावली वमोजिम खुद नाफा मध्ये स्थगन कर जगेडा कटाई बांकीको ५० प्रतिशत बीमा कोषमा अनिवार्य रुपले व्यवस्था गर्नु परेको छ । आर्थिक वर्ष २०६९/७० को खुद नाफा मध्ये स्थगन कर जगेडा समायोजन पछिको रकममा बीमा नियमावली वमोजिम ५० प्रतिशत रकम बीमा कोषमा सारी बांकी रहेको रकम रु.३,६०,५४,७६२ गत वर्षको नोक्सानी रु.४,१८,७७,०९६ कटाउँदा संचिति नोक्सानी रु.५८,२२,३३४ बासलातमा सारिएको छ ।

कम्पनीको गत वर्ष प्रति शेयर नेटवोर्थ रु.१२५.८४ को तुलनामा समिक्षा वर्षमा बृद्धि भई प्रति शेयर नेटवोर्थ रु.१९७.७३ हुन गएको छ ।

**(घ) पुनर्बीमा**

समिक्षा वर्षमा साबिक झै पुनर्बीमा कम्पनी Tokio Marine को Leadership मा बार्षिक पुनर्बीमा सम्झौता सम्पन्न भएको छ । अन्य सहायक पुनर्बीमा कम्पनीहरुको हकमा केहि फेरवदल गरिएको छ । सम्झौता बमोजिम सदाझै पुनर्विमकहरुवाट सेवा प्राप्त भई दावी फछ्र्यौट (Claim Settlement) मा सहयोग मिलेको छ ।

स्वदेशी बीमा कम्पनीहरु तथा विदेशी पुनर्वीमा कम्पनीहरुसंग पनि केहि जोखिमहरु Facultative Treaty को व्यवस्थाबाट जोखिम व्यहोर्ने गरी पुनर्वीमा व्यवस्था मिलाइएको छ ।

**(ङ) दाबी खर्च तथा दाबी बांकी व्यवस्था**

आर्थिक बर्ष २०६९/७० मा यस कम्पनीले खुद दाबी खर्च गत वर्ष भन्दा करीब १.८९ प्रतिशतले बृद्धि भई रु.११,३४,८५,१६१ व्यहोर्नु परेको छ । गत आर्थिक वर्ष २०६८/६९ को खुद दाबी व्यहोरेको खर्च रु.११,१३,८३,०१५ थियो ।

आर्थिक वर्ष २०६९/७० मा दाबी खर्चको हिस्सा खुद प्रिमियमको ५०.७९ प्रतिशतको दांजोमा आर्थिक वर्ष २०६८/६९ मा दाबी खर्च खुद प्रिमियमको ५७.३७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०६९/७० मा दाबी बांकी व्यवस्था अघिल्लो वर्षभन्दा रु.५५,९८,१८३ अर्थात ६.०७ प्रतिशतले बृद्धि भै रु.९,७८,००,४१६ व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०६८/६९ मा रु.९,२२,०२,२३३ को व्यवस्था थियो ।

आर्थिक वर्ष २०६९/७० र २०६८/६९ मा कुल दाबी भुक्तानी क्रमसः रु.१८,३१,६३,०९१ र रु.४१,११,०९,९७२ अनुसूची (३) मा विस्तृत रुपमा देखाइएको छ ।

**(च) असमाप्त जोखिम व्यवस्था**

समिक्षा वर्ष सम्ममा असमाप्त जोखिम व्यवस्था रु.११,२८,८४,८०२ गरिएको छ । यस्तो व्यवस्था गत वर्ष सम्ममा ९,८२,७८,९६७ गरिएको थियो ।

**(छ) लगानी तथा व्याज आम्दानी**

लगानी रु.१८,४५,८४,२११ ले बृद्धि भई आर्थिक वर्ष २०६९/७० को आषाढ मसान्तसम्ममा रु.५७,९१,६४,४७५ पुगेको छ । अघिल्लो वर्षमा रु.३९,४५,८०,२६४ को लगानी थियो ।

व्याज आम्दानीको हकमा अघिल्लो वर्ष रु.४,२४,१८,९१६ आर्जन भएको तुलनामा आर्थिक वर्ष २०६९/७० अर्थात समिक्षा वर्षमा रु रु.३,९१,९९,३०५ आम्दानी भएको छ । बाणिज्य बैक, बिकास बैक र बित्तिय कम्पनीहरुले प्रदान गर्ने व्याज दर अघिल्लो वर्षको तुलनामा घट्न गएको कारण समिक्षा वर्षमा व्याज आम्दानीमा कम हुन गएको हो ।

## २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिबाट कम्पनीको कारोवारमा परेको असर

नेपाली निर्जीवन बीमा वजारको तुलनामा निर्जीवन बीमा कम्पनीहरु बढी संख्यामा कार्यरत रहेका छन् र वजार बढी प्रतिस्पर्धात्मक छ । हाल देशमा राजनैतिक अबस्था स्थिर छैन । उद्योग व्यापार अभिबृद्धि हुने सम्भावना कम छ । यस क्षेत्रका व्यवसायीहरुले "हेर र पर्ख" को नीति लिएको देखिन्छ । विभिन्न चुनौतिहरुको बावजूद पनि कम्पनीले स्वस्थ बीमा सेवा प्रदान गरी आफ्नो प्रतिष्ठालाई कायमै राखी व्यवसाय अभिबृद्धि गर्नमा सफलता प्राप्त गरेको यहांहरु समक्ष जानकारी गराउन चाहन्छौं ।

गत केहि वर्षहरुदेखि पुनर्वीमा सन्दर्भमा विश्व परिस्थितिले गर्दा पुनर्वीमकहरुसंग पुनर्वीमा सम्झौता नबिकरण गर्ने कार्यमा लामो समयसम्मको छलफल र कारवाही पश्चात् यस कार्यमा अन्त्यमा सफलता मिलेको छ ।

## ३. चालु बर्षको उपलब्धि र भबिष्यको लागि संचालक समितिको धारणा

मिति २०७० फाल्गुण मसान्तसम्ममा कम्पनीको कूल प्रिमियम आर्जन करीब रु.५२,६७,९५,००८। (पुगेको र रु.६४,९२,१६,३२९।) लगानी भएको छ ।

स्तरयुक्त बीमा सेवा प्रदान गर्ने कम्पनीको प्रमुख उद्येष्य रहनुको साथै कम्पनीले सदैव आफ्नो प्रतिष्ठामा विशेष ध्यान केन्द्रित गरिनेछ । साथै कम्पनीलाई अझ सवल र सक्षम वनाउदै लगिने छ ।

## ४. औद्योगिक व्यवसाय सम्बन्धमा

व्यवसायसंग सम्बन्धित सबै निकायहरु र कर्मचारी व्यवस्थापनसंग सुमधुर सम्बन्ध कायमै रहेको छ ।

## ५. संचालक समितिको हेरफेर र सोको कारण

बीमा समितिको सुशासन सम्बन्धि निर्देशनको अधिनमा रहि आर्थिक वर्ष २०७०।७१ को चालु वर्षमा संस्थापक संचालक श्री महेन्द्र कृष्ण श्रेष्ठले प्रबन्ध संचालक पदवाट दिनु भएको राजिनामा स्विकृत गरिएको छ र वंहालाई साविक प्रबन्ध संचालकको बांकी अवधिको लागि प्रमुख कार्यकारी अधिकृत पदमा कायम गर्ने गरी संचालक समितिबाट नियुक्ति गरिएको छ । साथै यस अवधिमा स्वतन्त्र संचालक द्वय श्री मंगल प्रसाद श्रेष्ठ र श्री दशरथ लाल श्रेष्ठको पदावधी समाप्त भएकोमा वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशन, २०६९ वमोजिम एक जना मात्र स्वतन्त्र संचालक नियुक्त गर्नु पर्ने व्यवस्था अनुसार श्री दशरथ लाल श्रेष्ठलाई पुनः अर्को अवधिको लागि नियुक्त गरिएको छ । प्रबन्ध संचालक श्री महेन्द्र कृष्ण श्रेष्ठ, स्वतन्त्र संचालक श्री दशरथ लाल श्रेष्ठ र निवर्तमान स्वतन्त्र संचालक श्री मंगल प्रसाद श्रेष्ठले आफ्नो कार्यावधीमा कम्पनीलाई पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद व्यक्त गर्दै श्री दशरथ लाल श्रेष्ठलाई पूनः स्वतन्त्र संचालक र श्री महेन्द्र कृष्ण श्रेष्ठलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनु भएकोमा बधाई दिन चाहन्छु ।

संचालकहरुको हालको कार्यकाल पछि नयां संचालक समितिको संरचनामा परिवर्तन हुने गरी कम्पनीको नियमावलीमा संसोधनको लागि विशेष प्रस्ताव स्वीकृतिका लागि प्रस्तुत गरिएको छ ।

## ६. कारोवारलाई असर पर्ने मूख्य कुराहरु:

कम्पनीले पुऱ्याउने दावी सेवामा बीना झन्झट सिघ्र दावी फछ्र्यौट गरि दिने र ग्राहकहरुलाई पनि समयमा नै सहि बीमा परामर्श सेवा उपलब्ध गराई दिने तर्फ कम्पनीले बिशेष ध्यान दिने गरेको छ । हाल सम्मको यी कार्यहरुको कार्यान्वयनले बीमा वजारमा कम्पनीको शाख र कम्पनी प्रतिको बिश्वाश बढेको अनुभुति भएको छ । तसर्थ भविष्यमा व्यवसाय अभिबृद्धिमा यसको ठूलो भूमिका रहनेमा बिश्वस्त छौं ।

यस कम्पनीको आयोजनामा १४ मार्च, २०१४ मा दोश्रो नेपाल ईन्स्योरेन्स एभिएसन समिट, २०१४ सम्पन्न गरिएको थियो । सो समिटमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरवाट समेत हवाई र वीमा क्षेत्रमा कार्यरत १०० भन्दा वढि प्रतिनिधीहरुको सहभागिता थियो ।

कम्पनीको बिकासमा कर्मचारीहरुको भूमिकाको बिशेष महत्व रहन्छ र व्यवस्थापन लगायत सबै कर्मचारीहरुको योगदान उल्लेख्य रहेको छ ।

## ७. लेखापरीक्षण

श्री सुन्दर मान श्रेष्ठ, सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्सबाट आर्थिक बर्ष २०६९/७० को कम्पनीको लेखापरीक्षण सुसम्पन्न भएकोमा वँहालाई धन्यबाद दिन चाहन्छौ ।

आगामी आर्थिक बर्ष २०७०/७१ को लागि यस कम्पनीको लेखापरीक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण सम्बन्धि प्रस्ताव लेखापरीक्षण समितिबाट सिफारिस भए वमोजिम यस साधारण सभाबाट अनुमोदनको लागि प्रस्तुत गरेका छौ ।

## ८. कम्पनीको चुक्ता पूंजी बृद्धि गर्ने

बीमा समितिको प्राप्त निर्देशन अनुरुप कम्पनीको चूक्ता पूंजी रु.२५ (पच्चिस) करोड पुऱ्याउन हकप्रद शेयर निष्काशन गर्ने कार्य सम्पन्न भएको छ । यस कम्पनीको हकप्रद शेयरमा लगानी गर्नुहने सवै शेयरधनी महानूभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छौ । साथै यस कार्यमा सहयोग प्रदान गर्नुहन निष्कासन प्रवन्धक श्री एनएमवि क्यापिटल लिमिटेड, नेपाल धितोपत्र वोर्ड तथा अन्य नियमनकारी निकायहरु, स्टक ब्रोकरहरु तथा सम्वन्धित सवै निकायहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

मर्जरको (Merger) को सम्वन्धमा उन्नाईसौ वार्षिक साधारण सभाले गरेको निर्णयलाई निरन्तरता दिने समेत यहाँहरुलाई जानकारी गराउँछु ।

## ९. कम्पनी ऐन, २०६३ को दफा १०९ वमोजिम उल्लेख गर्नुपर्ने अन्य विवरणहरु देहाय वमोजिम छन् ।

(क) शेयर जफत सम्बन्धिको विवरण : समिक्षा वर्षमा कुनै शेयर जफत गरिएको छैन ।

(ख) कम्पनी र सहायक कम्पनी सम्बन्धिको विवरण : सहायक कम्पनी छैन ।

(ग) बिगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयर धनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी : कुनै जानकारी गराएको छैन ।

(घ) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयरको कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी : छैन ।

(ङ) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारी: छैन ।

(च) कम्पनीले आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धि विवरण: छैन ।

(छ) कम्प्यूटर प्रणाली र बिभिन्न आन्तरिक प्रकृया अपनाई कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिएको छ ।

(ज) समीक्षा वर्षमा कूल रु.५,७४,४३,७०४।- व्यवस्थापन खर्च अनुसूची-५ मा देखाईएको छ ।

(झ) गठीत लेखापरीक्षण समितिमा निम्न सदस्यहरु छन् । बैठक भत्ता वाहेक पारिश्रमिक तथा अन्य भत्ता लेखा समितिका सदस्यले पाउने छैन । कम्पनी ऐन, २०६३ मा उल्लेखित काम कर्तव्य अधिकार अन्तरर्गत रहि कार्यहरु सम्पादन गरिएको छ ।

**लेखापरीक्षण समिति :**

| | |
|---|---|
| १.संचालक श्री अजय रत्न स्थापित | अध्यक्ष |
| २.स्वतन्त्र संचालक श्री दशरथ लाल श्रेष्ठ | सदस्य |
| ३.संचालक श्रीमती नुरा कुमारी शर्मा | सदस्य |

(ञ) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न फर्म, कम्पनी वा संगठीत

संस्थाले कम्पनीलाई कुनै रकम वुझाउन वांकी भए, सो कुरा : कुनै वांकी छैन ।

(ट) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम : संचालक फी वापत जम्मा रु.६,११,२००।- र प्रमुख कार्यकारी अधिकृत र अन्य पदाधिकारी सहायक प्रबन्धकसम्मको लागि पारिश्रमिक, भत्ता तथा सुबिधावापत जम्मा रु.१,३२,४६,५५७- भुक्तानी दिईएको छ ।

(ठ) शेयरधनीहरुले २०७० आषाढ मसान्तसम्ममा वुझिलिन वांकी रहेको लाभांस रु.७,२२,५१९।- अनुसूची-२२ मा देखाइएको छ ।

(ड) कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण : छैन ।

(ढ) कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण : छैन ।

(ण) कुल निर्जीबन बीमा व्यवसायमा यस कम्पनीको कारोवार हिस्सा करीब ९.५० प्रतिशतको हाराहारीमा रहने अनुमान छ ।

(त) आर्थिक वर्ष २०६९/७० मा नेपाल सरकारको राजश्वमा देहाय वमोजिम रु.१६,३०,४०,६७८/-जम्मा भएको जानकारी गराउन चाहन्छौ ।

| | | |
|---|---|---|
| क. | आयकर तर्फ | रु.३,२२,६२,०९७- |
| ख. | अग्रिम आय कर कट्टि | रु.१,७०,८१,६२३।- |
| ग. | मूल्य अभिबृद्धि कर तर्फ | रु.११,३६,९६,९५८।- |

## १०. धन्यबाद ज्ञापन

सरकारी निकायहरु, बीमा समिति, नेपाल राष्ट्र बैक, धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड र वाणिज्य बैकहरु, विकाश बैक तथा वित्तिय कम्पनीहरुबाट प्राप्त सहयोगको लागि आभार व्यक्त गर्न चाहन्छौ ।

अभिकर्ताहरु, सर्भेयरहरुको महत्वपूर्ण सहकार्यको साथै व्यवस्थापन लगायत कम्पनीका समस्त कर्मचारीहरुलाई पनि धन्यबाद दिन चाहन्छौ ।

अन्त्यमा, शेयरधनी महानुभावहरुबाट महत्वपूर्ण राय सुझाव र मार्गनिर्देशन सदाझै पाइरहने बिश्वास व्यक्त गर्दै यहाँहरुलाई हार्दिक धन्यवाद प्रदान गर्दछौ ।

धन्यबाद
राज कृष्ण श्रेष्ठ
अध्यक्ष
मिति २०७१।०१।२५

# सुन्दर एण्ड कम्पनी

## चार्टर्ड एकाउण्टेण्टस्

पुल्चोक(मचागा), ललितपुर २०/८घ
काठमाडौं पो.ब.नं. ३१०२ नेपाल

फोन नं:५५२१८०४ ,५५२९९४२
फ्याक्स नं :९७७१-५५२४८०४
Email:SUNDAR@amit.wlink.com.np

### हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडका
### शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यसैसाथ सलंग्न हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको २०७० आषाढ ३१ (जुलाई १५, २०१३) को वासलात, सो मितिमा समाप्त भएको आ.ब. २०६९।७० को नाफा /नोक्सान हिसाब, सम्बन्धित आय व्यय हिसाबहरु तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपाल लेखापरीक्षण मान तथा प्रचलित सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेस हुन्छ । कम्पनीले अवलम्वन गरेको लेखा नीति, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एंव वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणहरुको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन गर्दछौं :

क) लेखापरीक्षणको क्रममा आवश्यक ठानेका सूचनाहरु एवम् सोधनी भएका कुराहरुको ज्वाफ पायौं ।

ख) हाम्रो रायमा वासलात, नाफा/नोक्सान हिसाब, सम्वन्धित आय व्यय हिसाबहरु तथा नगद प्रवाह विवरण बीमा समितिले तोकेको ढांचामा तयार भएका छन । प्रस्तुत वित्तीय विवरणहरु कम्पनीले राखेको हिसाब किताबहरुसंग दुरुस्त छन् ।

ग) हाम्रो रायमा, कम्पनीले प्रचलित कानून बमोजिम हिसाब किताब ठीकसंग राखेको छ तथा विभिन्न शाखा कार्यालयहरुबाट प्राप्त विवरणहरु लेखापरीक्षणको निमित्त पर्याप्त छन् ।

घ) हाम्रो रायमा, हामीले प्राप्त गरेसम्मको सूचना स्पष्टिकरण र कम्पनीको हिसाब किताबको लेखापरीक्षण गर्दा कम्पनीको कुनै पदाधिकारी वा कर्मचारीले लेखासम्बन्धी कानून व्यवस्था बिरुद्ध कामकाज गरेको वा कम्पनीलाई हानी नोक्सानी पुऱ्याएको वा कम्पनीको कोषको हिनामिना गरेको हाम्रो जानकारीमा आएको छैन ।

ङ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टिकरण अनुसार कम्पनीले बीमा समितिले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

४. हाम्रो रायमा तथा व्यवस्थापनबाट पाएसम्मको जानकारी, स्पष्टिकरण, वित्तीय विवरणसंग संलग्न लेखा नीति तथा टिप्पणीहरु एवम् कम्पनीले राखेको खातापाताहरुको परीक्षण अधिनमा :

अ) वासलातले कम्पनीको आषाढ ३१, २०७० (१५ जुलाई २०१३) को आर्थिक अवस्था तथा,

आ) सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरणले क्रमश: कम्पनीको संचालन नतिजा र नगद प्रवाहको समूचित चित्रण गर्दछ ।



सुन्दर मान श्रेष्ठ, एफ.सी.ए.
चार्टर्ड एकाउण्टेण्ट
नि. सुन्दर एण्ड कम्पनी

मिति: २०७०।०८।०२

## २०७० आषाढ ३१ गतेको वासलात

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **श्रोत** | | | |
| १ | चुक्ता पूँजी | १३ | १००,८००,००० | १००,८००,००० |
| २ | जगेडा तथा कोष | १४ | ३७,६३३,४२४ | ३७,२७७,२०८ |
| ३ | बीमा कोष | १२ | ६४,६७४,००८ | २८,६१९,२४६ |
| ४ | महा बिपत्ति जगेडा | १५ | ३,०००,००० | ३,०००,००० |
| ५ | तिर्न बाँकी दिर्घकालिन ऋण तथा सापटी | १६ | - | - |
| | **कुल श्रोत** | - | २०६,१०७,४३२ | १६९,६९६,४५४ |
| | **उपयोग** | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | १७ | ४०,८८८,००६ | ४४,६४४,४६६ |
| ७ | दीर्घकालीन लगानी | १८ | १३०,१४३,२२९ | १२२,२७४,६२९ |
| ८ | दीर्घकालीन कर्जा | २० | - | - |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | | | - |
| ९ | नगद तथा बैंक मौज्दात | १९ | ८,२४४,२४३ | ३५,६३३,५३७ |
| १० | अल्पकालीन लगानी | १८ | ४४९,०२१,२४७ | २७२,३०५,६३५ |
| ११ | अल्पकालीन कर्जा | २० | | - |
| १२ | अन्य सम्पत्ती | २१ | २४८,६२१,५०२ | २३१,९७९,५८५ |
| | **जम्मा (क) (९+१०+११+१२)** | - | ७०५,८८६,९९२ | ५३९,९१८,७५७ |
| | चालु दायित्व तथा व्यवस्थाहरु: | | | |
| १३ | चालु दायित्व | २२ | २३०,८८८,३८४ | १६८,७६०,०१० |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | २३ | ११२,८८४,८०२ | ९८,२७८,९६७ |
| १५ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ६ | ९७,८००,४१६ | ९२,२०२,२३३ |
| १६ | अन्य व्यवस्था | २३क | २३६,०३६,१९९ | २२१,३८६,७३२ |
| | **जम्मा (ख) (१३+१४+१५+१६)** | - | ६७७,६०९,८०१ | ५८०,६२७,९४२ |
| **१७** | **खुद चालु सम्पत्ती (ग)= (क)-(ख)** | | २८,२७७,१९१ | (४०,७०९,१८५) |
| १८ | अपलेखन वा समायोजन हुन वांकी विविध खर्चहरु | २४ | ९७६,६७२ | १,६०९,४४८ |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | ५,८२२,३३४ | ४१,८७७,०९६ |
| **२०** | **कुल उपयोग (६+७+८+१७+१८+१९)** | - | २०६,१०७,४३२ | १६९,६९६,४५४ |

संभावित दायित्वहरु र अनुसूची ६ तथा १२ देखि २६ सम्म यसका अभिन्न अंग हुन् ।

## संभावित दायित्वहरु

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | - | - |
| प्रत्याभूति प्रतिबद्धता | - | - |
| बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको | - | - |
| बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | - | - |
| अन्य (अनुसूची २६ को बुदा नं. १२ मा उल्लेख गरे बमोजिम) | - | - |
| **जम्मा** | - | - |

राज कृष्ण श्रेष्ठ
अध्यक्ष

विक्रम कृष्ण श्रेष्ठ
संचालक

विजित कृष्ण श्रेष्ठ
संचालक

माधव दास श्रेष्ठ
संचालक

अजय रत्न स्थापित
संचालक

सन्नी श्रेष्ठ
संचालक

नुरा कुमारी शर्मा
संचालक

दशरथ लाल श्रेष्ठ
स्वतन्त्र संचालक

मंगल प्रसाद श्रेष्ठ
स्वतन्त्र संचालक

महेन्द्र कृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

ध्रुव प्रसाद न्यौपाने
प्रवन्धक

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति: २०७०/०८/०२

## आर्थिक बर्ष २०७० आषाढ ३१ गतेको नाफा नोक्सान हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ७ | १०९,०७३,४९५ | ८५,२९०,७०८ |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | २ | १२,१२३,५३३ | १४,५८८,४४२ |
| ३ | व्यवस्था फिर्ता | ८ | - | ६२,२३२ |
| ४ | अन्य आम्दानी | | - | - |
| | **जम्मा आम्दानी (क)** | | १२१,१९७,०२८ | ९९,९४१,३८२ |
| | **खर्च** | | | |
| ५ | व्यवस्थापन खर्च | ५ | ५,७४४,३७० | ५,४११,६४२ |
| ६ | अपलेखन खर्च | ९ | ७०१,६१३ | २०१,३६४ |
| ७ | शेयर सम्वन्धी खर्च | ९क | - | - |
| ८ | अन्य खर्चहरु | १० | - | १०,००० |
| ९ | नोक्सानीको लागि व्यवस्था | ११ | १३६,३३२ | ९४,६८१,३५३ |
| १० | कर्मचारी आवास व्यवस्था | | - | - |
| ११ | कर्मचारी बोनस व्यवस्था | | १०,४१९,५१९ | - |
| १२ | समायोजित आयकर अ=आ-ई | | ३१,७२९,४५४ | ५४,३३२,१४१ |
| | आ) आयकर | | ३२,०८५,६७० | ३३,५०२,९६१ |
| | ई) स्थगन कर दायित्व/(सम्पत्ति) | | (३५६,२१६) | २०,८२९,१८० |
| | **जम्मा खर्च (ख)** | | ४८,७३१,२८८ | १५४,६३६,५०० |
| | **खूद नाफा /(नोक्सान) (ग)=(क) - (ख)** | | ७२,४६५,७४० | (५४,६९५,११८) |
| १३ | (क) बीमा कोषमा सारेको | १२ | ३६,०५४,७६२ | - |
| | (ख) वीमा जगेडामा सारेको | १४ | - | - |
| १४ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | | - | - |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | | (४१,८७७,०९६) | (८,०११,१५८) |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | | (५,४६६,११८) | (६२,७०६,२७६) |
| १६ | (क) स्थगन कर जगेडा | १४ | ३५६,२१६ | (२०,८२९,१८०) |
| | (ख) पूँजीगत जगेडा | १४ | - | - |
| | (ग) विशेष जगेडा | १४ | - | - |
| | (घ) अन्य जगेडा | १४ | - | - |
| | (ङ) प्रस्तावित लाभान्स | | | |
| | (अ) वोनस शेयर | १४ | - | - |
| | (आ) नगद लाभांस | २३क | - | - |
| | (च) महा-विपत्ती जगेडा | १५ | - | - |
| **१७** | **वासलातमा सारेको नाफा/(नोक्सान)** | | (५,८२२,३३४) | (४१,८७७,०९६) |

अनुसूची २, ५ तथा ७ देखि १२, १४ र १५ सम्म यसका अभिन्न अंग हुन्।

राज कृष्ण श्रेष्ठ
अध्यक्ष

विक्रम कृष्ण श्रेष्ठ
संचालक

विजित कृष्ण श्रेष्ठ
संचालक

माधव दास श्रेष्ठ
संचालक

अजय रत्न स्थापित
संचालक

सन्नी श्रेष्ठ
संचालक

नुरा कुमारी शर्मा
संचालक

दशरथ लाल श्रेष्ठ
स्वतन्त्र संचालक

मंगल प्रसाद श्रेष्ठ
स्वतन्त्र संचालक

महेन्द्र कृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

ध्रुव प्रसाद न्यौपाने
प्रवन्धक

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति: २०७०/०८/०२

## आर्थिक बर्ष २०६९/०७० को एकिकृत आय व्यय हिसाब

| क.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खुद) | १ | २२३,४०७,३१४ | १९४,१५४,२८० |
| २ | पुनर्बीमा कमिशन आय | | ६५,१०९,८६४ | ५७,०९०,०२९ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ३२,६०७,८५७ | २८,०८०,३७८ |
| ४ | अन्य प्रत्यक्ष आय | | २९३,८०० | ३३५,७२२ |
| ५ | आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | ९२,२०२,२३२ | ७७,३५५,६४३ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ९७,०९७,८२२ | ९०,९०९,५६० |
| | **जम्मा आय (क)** | - | ५१०,७१८,८८९ | ४४७,९२५,६१२ |
| | **व्यय** | | | |
| ७ | दाबी भुक्तानी (खुद) | ३ | १०७,८८६,९७७ | ९६,५३६,४२६ |
| ८ | अभिकर्ता कमिशन | | २५,९५७,५७५ | २२,३०५,६२१ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | ३,९९३,५२० | ३,५४७,४५५ |
| १० | सेवा शुल्क (खुद) | ४ | २,४१३,६१५ | २,०७०,५२८ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | १९०,३०० | १९०,७२२ |
| १२ | व्यवस्थापन खर्च | ५ | ५१,६९९,३३४ | ४८,७०४,७८० |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ९७,८००,४१६ | ९२,२०२,२३२ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | १११,७०३,६५७ | ९७,०७७,१४० |
| | **जम्मा (ख)** | - | ४०१,६४५,३९४ | ३६२,६३४,९०४ |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) (क)-(ख) | - | १०९,०७३,४९५ | ८५,२९०,७०८ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन्।

राज कृष्ण श्रेष्ठ
अध्यक्ष

विक्रम कृष्ण श्रेष्ठ
संचालक

विजित कृष्ण श्रेष्ठ
संचालक

माधव दास श्रेष्ठ
संचालक

अजय रत्न स्थापित
संचालक

सन्नी श्रेष्ठ
संचालक

नुरा कुमारी शर्मा
संचालक

दशरथ लाल श्रेष्ठ
स्वतन्त्र संचालक

मंगल प्रसाद श्रेष्ठ
स्वतन्त्र संचालक

महेन्द्र कृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

ध्रुव प्रसाद न्यौपाने
प्रवन्धक

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## आर्थिक बर्ष २०६९/०७० को अग्नि बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खुद) | १ | १०,४३६,०७२ | ११,१८७,४२१ |
| २ | पुनर्बीमा कमिशन आय | | २३,०३३,८८७ | १९,५१५,५९८ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ३,१२०,२१९ | २,८२९,४०१ |
| ४ | अन्य प्रत्यक्ष आय | | १३,४६३ | १२,३२९ |
| ५ | आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | ३,८००,३५७ | १,१५६,९२७ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ५,५९३,७११ | ५,३१९,६७६ |
| | **जम्मा आय (क)** | – | ४५,९९७,७०९ | ४०,०२१,३५२ |
| | **व्यय** | | | |
| ७ | दाबी भुक्तानी (खुद) | ३ | २,०२५,५४८ | १,०३६,२९५ |
| ८ | अभिकर्ता कमिशन | | ५,५११,०५४ | ४,००७,४५१ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | २,६८२,०७६ | २,१८८,७२२ |
| १० | सेवा शुल्क (खुद) | ४ | २२१,९५५ | १७९,२६२ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | १३,४६३ | १२,३२९ |
| १२ | व्यवस्थापन खर्च | ५ | ४,६२०,०३६ | ५,१३७,७८६ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ७,६५४,१२२ | ३,८००,३५७ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ५,२१८,०३६ | ५,५९३,७११ |
| | **जम्मा व्यय (ख)** | – | २७,९४६,२९० | २१,९५५,९१३ |
| **१५** | **नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)=(क)-(ख)** | – | १८,०५१,४१९ | १८,०६५,४३९ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

राज कृष्ण श्रेष्ठ
अध्यक्ष

विक्रम कृष्ण श्रेष्ठ
संचालक

विजित कृष्ण श्रेष्ठ
संचालक

माधव दास श्रेष्ठ
संचालक

अजय रत्न स्थापित
संचालक

सन्नी श्रेष्ठ
संचालक

नुरा कुमारी शर्मा
संचालक

दशरथ लाल श्रेष्ठ
स्वतन्त्र संचालक

मंगल प्रसाद श्रेष्ठ
स्वतन्त्र संचालक

महेन्द्र कृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

ध्रुव प्रसाद न्यौपाने
प्रवन्धक

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## आर्थिक बर्ष २०६९/०७० को सामुद्रिक बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खुद) | १ | १,४८८,२८७ | १,१६२,३९० |
| २ | पुनर्बीमा कमिशन आय | | ४,३६१,६८१ | २,९१४,९७५ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ६२५,७३८ | ४२२,४९४ |
| ४ | अन्य प्रत्यक्ष आय | | ५,९९० | ५,३०१ |
| ५ | आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | १२४,८३३ | ६३६,६८१ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ६०१,८७७ | ५०९,५१० |
| | **जम्मा आय (क)** | - | ७,२०८,४०६ | ५,६५१,३५१ |
| | **व्यय** | | | |
| ७ | दाबी भुक्तानी (खुद) | ३ | ६०५,०६८ | ३७५,३२८ |
| ८ | अभिकर्ता कमिशन | | ५२१,७०९ | ४१०,२९७ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | ८४,२५२ | ५६,५७७ |
| १० | सेवा शुल्क (खुद) | ४ | १९,०२६ | १४,६७० |
| ११ | अन्य प्रत्यक्ष खर्च | | ५,९९० | ५,३०१ |
| १२ | व्यवस्थापन खर्च | ५ | १,३३२,७४८ | १,३०२,०३७ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | २९८,६७५ | १२४,८३३ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ७४४,१४३ | ५८१,१९५ |
| | **जम्मा व्यय (ख)** | - | ३,६११,६१२ | २,८७०,२३८ |
| **१५** | **नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)=(क)-(ख)** | - | ३,५९६,७९४ | २,७८१,११३ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

राज कृष्ण श्रेष्ठ
अध्यक्ष

विक्रम कृष्ण श्रेष्ठ
संचालक

विजित कृष्ण श्रेष्ठ
संचालक

माधव दास श्रेष्ठ
संचालक

अजय रत्न स्थापित
संचालक

सन्नी श्रेष्ठ
संचालक

नुरा कुमारी शर्मा
संचालक

दशरथ लाल श्रेष्ठ
स्वतन्त्र संचालक

मंगल प्रसाद श्रेष्ठ
स्वतन्त्र संचालक

महेन्द्र कृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

ध्रुव प्रसाद न्यौपाने
प्रवन्धक

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## आर्थिक बर्ष २०६९/०७० को मोटर बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खुद) | १ | १७५,७८४,२८९ | १४८,२१०,६४९ |
| २ | पुनर्बीमा कमिशन आय | | १,५६६,५०१ | १,६५४,५६७ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | २२,९९७,५८७ | १९,५५९,८४७ |
| ४ | अन्य प्रत्यक्ष आय | | १५०,०४० | १५१,९४१ |
| ५ | आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | ८४,०८८,१७६ | ७१,१११,०१० |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | | ७४,१०५,३२५ | ७१,८५६,९४३ |
| | **जम्मा आय (क)** | – | ३५८,६९१,९१७ | ३१२,५४४,९५७ |
| | **व्यय** | | | |
| ७ | दाबी भुक्तानी (खुद) | ३ | ८२,०३३,३०३ | ७४,६३६,६५८ |
| ८ | अभिकर्ता कमिशन | | १२,८२७,५९३ | ११,१४५,३०८ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | ७०,७१७ | २४,३९७ |
| ६ | अन्य नोक्सानीको लागि व्यवस्था | | | | | | | - | - | - | |
| ७ | कर्मचारी सम्वन्धी व्यवस्था | | | | | | | - | - | - | |
| | क. पेन्सन तथा उपदान व्यवस्था | १८,९३४,४०३ | १६,७५०,३०४ | ६,६४७,०९१ | २,२१४,६६५ | ५,८२५,९८५ | ३०,५६६ | - | - | १९,७५५,५०९ | १८,९३४,४०३ |
| | ख. विदा वापत व्यवस्था | २,८०९,५५० | २,४५२,८३२ | १,९४३,९२१ | १,१३४,३८४ | १,१३६,१२७ | ७७७,६६६ | - | - | ३,६१७,३४४ | २,८०९,५५० |
| | ग. आवास तथा अन्य सुविधा व्यवस्था | | | | | | | - | - | - | |
| | घ. कर्मचारी वोनस व्यवस्था | - | १,४८२,०५० | १०,४१९,५१९ | - | - | १,४८२,०५० | - | - | १०,४१९,५१९ | - |
| | ङ. अन्य | | | | | | | - | - | - | |
| ८ | अन्य व्यवस्था विवरण खुलाउने | - | - | - | - | - | - | - | - | - | - |
| | **जम्मा** | २२१,३८६,७३२ | ११८,११९,४०५ | ५१,२३२,५३३ | १३१,५३३,३६३ | ३६,५८३,०६७ | २८,२०३,८०४ | - | ६२,२३२ | २३६,०३६,१९९ | २२१,३८६,७३२ |

## अपलेखन/समायोजन हुन बांकी विविध खर्चहरु

अनुसूची-२४

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | अपलेखन गर्न बाँकी प्रारम्भिक खर्च | – | – |
| २ | अपलेखन गर्न बाँकी पूर्व संचालन खर्च | – | – |
| ३ | अपलेखन गर्न बांकी लगानीमा प्रिमियम | ९७६,६७२ | १,६०९,४४८ |
| ४ | अपलेखन गर्न बाँकी स्थगन गरिएका अन्य खर्च | – | – |
| ५ | अन्य (विवरण खुलाउने) | – | – |
| | **जम्मा** | ९७६,६७२ | १,६०९,४४८ |

अनुसूची-२५

# बितीय विवरणसंग सम्बन्धित प्रमुख लेखा नीतिहरु

## (क) परिचय

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटड (यस पछि “कम्पनी” भनिएको) नेपालमा स्थापित सिमित दायित्व भएको कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा रहेको छ। यो कम्पनी नेपाल धितोपत्र विनिमय वजार लिमिटेडमा सूचिकृत छ । यो कम्पनी नेपालमा निर्जिवन विमकको रुपमा कार्यरत छ ।

आर्थिक वर्ष २०६९ साल श्रावण १ गते देखि २०७० साल आषाढ ३१ गतेसम्मको संलग्न वित्तिय विवरणहरु यस कम्पनीको संचालक समितिको मिति २०७० साल मार्ग महिना २ गतेको बैठकवाट पारित गरिएको छ ।

## (ख) वित्तिय विवरणहरु तयार गर्दा आधार मानिएका लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

### १. बित्तीय विवरण तयारीका आधारहरू

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको बित्तिय विवरणहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । यी विवरणहरु ऐतिहासिक मुल्य अवधारणाको आधारमा स्पष्ट रुपमा अन्यथा उल्लेख गरेकोमा बाहेक प्रोदभावी (Accrual) आधारमा लेखांकन गरी बीमा ऐन एवं नियमावली २०४९, बीमा समितिको निर्देशन, कम्पनी ऐन २०६३, नेपाल लेखामान तथा अन्य प्रचलित लेखामान, तथा सामान्यतः मान्य लेखाका सिद्धान्तहरुको अधिनमा रहि तयार गरिएका छन् ।

### २. स्थिर सम्पत्ति लेखाङ्कन नीति

स्थिर सम्पत्तिलाई सो को परल मूल्यमा संचित ह्रास कट्टा गरी देखाइएको छ । परल मूल्य निर्धारण गर्दा खरिद मूल्य तथा सो खरिदसंग लागेका सम्बन्धित प्रत्यक्ष खर्चहरु जोडी गरिएको छ ।

### ३. ह्रासकट्टी नीति

स्थिर सम्पत्तिहरुको ह्रास कट्टी आयकर ऐन, २०५८ अनुसार सवारी साधन, कार्यालय सामान (फर्निचर तथा फिक्स्चर्स, कम्प्यूटर तथा सूचना प्रविधी उपकरण) र भवनको क्रमशः २०, २५ र ५ प्रतिशतका दरले घट्दो ह्रास प्रणालीको आधारमा लेखाङ्कन गरिएको छ ।

सफ्टवेर सम्पत्तिमा भएको खर्चलाई ५ बर्षमा अपलेखन गर्नेगरी ह्रास कट्टी गरिएको छ ।

### ४. पूंजीकृत नगरिने सम्पत्तिहरू सम्बन्धी लेखाङ्कन नीति

रु. ५,००० सम्मका सामानहरुलाई पूंजीकृत नगरी खर्च लेख्ने गरिएको छ ।

### ५. आयकर व्यवस्था नीति

आयकर ऐन, २०५८ को अधिनमा रहि आयकर व्यवस्था गरिएको छ ।

कर योग्य आय तथा लेखामा देखिने आयको समय अन्तरालबाट हुने भिन्नतालाई स्थगन कर (Deferred Tax) मानी सोको ब्यवस्था गरिएको छ । स्थगन कर सम्पत्ति (Deferred Tax Assets) पछि आर्जन हुने कर योग्य आयबाट उठ्न सक्ने प्रबल सम्भावना तथा एकिन नभएसम्म यस्ता सम्पत्तिलाई सम्पत्तिको रुपमा लेखांकन गर्ने गरिएको छैन ।

## ६. लगानी लेखाङ्कन नीति

लगानी लेखाङ्कनको सम्वन्धमा कम्पनीले वीमा समितिको निर्देशनको परिधि भित्र रहि देहाय वमोजिमको नीति अवलम्वन गरेको छ ।

(क) नेपाल सरकारको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्रमा वा पब्लिक लिमिटेड कम्पनीको वचतपत्र/ऋणपत्रमा गरिएको लगानीलाई अङ्कित मूल्य (Face Value) वा परल मूल्य मध्ये जुन घटी छ सोही मूल्यमा मूल्याङ्कन गरिएको छ ।

(ख) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्यभन्दा परल मूल्य बढि भएमा त्यस्तो बढि रकमलाई स्थगन गरिएको खर्च (Deferred Expenditure) को रुपमा लेखाङ्कन गरी सो खर्चलाई त्यस्तो लगानीको अवधि भित्र समानुपातिक आधारमा (Prorata Basis) अपलेखन गर्ने गरिएको छ ।

(ग) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्यभन्दा परल मूल्य कम भएमा त्यस्तो फरक रकमलाई लगानी अवधि भित्र समानुपातिक आधारमा लगानीबाट आयको रुपमा लेखाङ्कन गर्ने गरिएको छ ।

(३) खण्ड (क) वमोजिमको बचत पत्र वा ऋणपत्रको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम बराबरको व्यवस्था (Provision) गर्ने गरिएको छ ।

(ङ) बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेप वा नागरिक लगानी कोषको लगानी योजनाहरुमा गरिएको लगानीलाई सांवा रकममा लेखाङ्कन गरिएको छ ।

तर त्यस्तो लगानीको म्याद समाप्ती पछि कुनै कारणवश तत्काल फिर्ता हुन नसक्ने अवस्था श्रृजना भएमा त्यस्तो लगानीलाई शतप्रतिशत व्यवस्था (Provision) गरिएको छ ।

(च) पब्लिक लिमिटड कम्पनीको सूचिकृत शेयरमा गरिएको लगानीलाई परल मूल्यमा देखाउने र शेयरमा गरिएको लगानीको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम वरावर व्यवस्था (Provision) गर्ने नीति अवलम्वन गरिएको छ ।

(५) पब्लिक लिमिटेड कम्पनीको संस्थापक शेयरमा लगानी गरिएको शेयर प्रचलित कानून बमोजिम धितोपत्र बजारमा सूचिकृत नभएमा देहाय वमोजिम गरिने नीति अवलम्वन गरिएको छ ।

(अ) शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन बर्षसम्म त्यस्तो लगानीलाई परल मूल्यमा मूल्याङ्कन गर्ने गरिएको छ ।

(आ) शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन वर्षपछि त्यस्तो लगानीलाई परल मूल्यमा देखाई सो लगानी बराबरको व्यवस्था गर्ने गरिएको छ ।

(ज) खण्ड (च) वमोजिम लगानी गरिएको शेयर प्रचलित कानून वमोजिम धितोपत्र बजारको सूचीबाट हटेमा (Delisted) सो लगानी बराबर को व्यवस्था गर्ने गरिएको छ ।

(झ) प्रचलित कानून बमोजिम कम्पनीको स्वामित्वमा नआएको वा नरहेको शेयर, बचतपत्र, ऋणपत्र वा अन्य सम्पत्तिलाई लगानीमा समावेश गरिएको छैन ।

## ७. सटही घटबढ समायोजन नीति

विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्वलाई बर्षान्तको विनिमय दरले रुपान्तर गरिएको छ । विदेशी मुद्रामा भएका कारोवारहरुको लेखांकन कारोवार मितिको विनिमय दरमा गरिएको छ। विनिमय दरबाट उत्पन्न फरकलाई नाफा नोक्सान हिसाब तथा आय व्यय हिसाबमा व्यवस्थापन खर्चको रुपमा लेखांकन गर्ने गरिएको छ ।

## ८. बीमाशुल्क आम्दानी लेखाङ्कन नीति

वीमाशुल्क नगदप्राप्तीको (Cash Basis) आधारमा लेखाङ्कन गरिएको छ । तर नगद प्राप्ति मितिभन्दा बीमाशुल्क भुक्तानी गर्नुपर्ने मिति पछि भएमा पछिल्लो मितिमा शुल्क आम्दानी जनाइएको छ । पुनर्बीमा स्वीकार गरिएको बीमाशुल्क आम्दानीलाई प्रोदभावी (Accural) आधारमा लेखाङ्कन गरिएको छ ।

## ९. पुनर्बीमा कमिशन आम्दानी लेखाङ्कन नीति

पुनर्बीमा कम्पनीबाट प्राप्त कमिशनलाई नगद प्राप्ती वा पुनर्बीमा कम्पनीबाट समर्थन प्राप्तीको आधारमा आम्दानी लेखाङ्कन गरिएको छ ।

## १०. अन्य आय लेखाङ्कन तथा वाँडफाँड नीति

बीमा समितिको निर्देशनको अधिनमा रहि लगानी, कर्जा तथा अन्यवाट भएको आयलाई सम्वन्धित वीमा व्यवसायको चालु आर्थिक वर्षमा सो वीमा कारोवारवाट भएको खुद वचतलाई त्यस वीमा व्यवसायको भार तथा कम्पनीको गत आषाढ मसान्तको नट वर्थ (Net Worth) मा अपलेखन गर्न वांकी लगानी प्रिमियमलाई घटाई नाफा नोक्सान हिसावको भार मानी सवै वीमा व्यवसायको आयव्यय हिसावमा वांडफांड गर्ने गरिएको छ ।

११. कर्जा लेखाङ्कन नीति

कम्पनीले प्रदान गरेको कर्जालाई असुली हुने पर्याप्त आधार सहित साँवा रकममा लेखाङ्कन गर्ने गरिएको छ ।

१२. व्यवस्थापन खर्च बाँडफाँड नीति

वीमा समितिको निर्देशनको आधारमा व्यवस्थापन खर्चको १० प्रतिशत रकम नाफा नोक्सान हिसावमा खर्च देखाई वांकी ९० प्रतिशत रकमलाई सम्वन्धित वीमा व्यवसायको प्रत्यक्ष वीमाशुल्कमा अभिकर्ता कमिशन कट्टिगरि हुन आउने रकमलाई त्यस वीमा व्यवसायको भार मानी सवै वीमा व्यवसायको आय व्यय हिसावमा वांडफांड गर्ने गरिएको छ ।

१३. बीमा दावी भुक्तानी खर्च लेखाङ्कन नीति

कम्पनीले दावीको लागत गणना गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने रकम तथा सो दावी फछ्र्यौटको लागि आवश्यक परामर्श तथा अनुसन्धान खर्च समावेश गरी लेखाङ्कन गरिएको छ । तर बीमकको पदाधिकारी वा कर्मचारीले गरेको कामको पारिश्रमिक र अन्य खर्च बापतको रकम समावेश गरिएको छैन ।

१४. बीमा दावी बापत दायित्व व्यवस्था लेखाङ्कन नीति

वीमा नियमावली, २०४९ को नियम १५ (घ) अनुसार सूचित दावीको अनुमानित दायित्वमा कम्पनीको अंश तथा श्रृजना भएको तर जानकारीमा नआएको (IBNR) व्यवस्था रकमको ११५ प्रतिशतले हुन आउने रकम व्यवस्था गरिएको छ । वीमा समितिको निर्देशन अनुरुप श्रृजना भएको तर जानकारीमा नआएको (IBNR) मा सूचित दावीको अनुमानित दायित्वमा कम्पनीको अंशको ५ प्रतिशत व्यवस्था गर्ने गरिएको छ ।

१५. खुद नाफा बाँडफाँड नीति

वीमा समितिको निर्देशन अनुरुप नाफा नोक्सान हिसाववाट देखिएको खुद नाफाको ५० प्रतिशत रकमलाई सम्वन्धित वीमा व्यवसायको आय व्यय हिसावमा देखिएको वचत रकमलाई सो वीमा सम्वन्धि भार मानी सवै वीमा व्यवसायको वीमाको षमा वांडफाड गर्ने गरिएको छ । साथै नोक्सान भएको वीमा व्यवसायको हकमा सोको भार सून्य मानि नाफा भएको वीमा व्यवसायमा मात्र नाफा वांडफांड गर्ने गरिएको छ ।

१६. कर्मचारी उपदान तथा विदा बापत व्यवस्था नीति :

कर्मचारीको उपदान तथा विदा बापत व्यवस्था प्रोदभाविको (Accrual) आधारमा लेखाङ्कन गरी नागरिक लगानी कोषमा जम्मा गरिएको छ ।

१७. शंकास्पद आसामी व्यवस्था नीति

पूनर्विमकहरुवाट व्यालेन्स कन्फरमेसन प्राप्त नभएको लिन पर्ने हिसाव शत प्रतिशतको हिसावले शंकास्पद असामी व्यवस्था गरिएको छ ।

१८. अपलेखन खर्च लेखाङ्कन नीति

प्रारम्भिक तथा पूर्व सञ्चालन खर्चहरुलाई कम्पनी संचालन भएकै बर्षमा खर्च लेख्ने गरिएको छ ।

१९. विगत वर्ष सम्वन्धी खर्चहरू

विगत वर्ष सम्वन्धी खर्चहरु नाफा नोक्सान वांडफाड हिसावमा देखाउने गरिएको छ ।

अनुसूची-२६

## वित्तीय विवरणसंग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरु

१. सम्भावित दायित्वहरू

अ) चुँक्ता वा भुक्तानी हुन बाँकी लगानी – छैन ।

आ) प्रत्याभूति प्रतिबद्धता (Underwriting Commitments) – छैन ।

इ) बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको – छैन ।

ई) बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारण्टी – छैन ।

उ) अन्य दायित्व – छैन ।

२. भुक्तानी गर्न बाँकी दावी बापत दायित्व मूल्याङ्कन गर्दा अवलम्बन गरेको आधारहरू

वीमा नियमावली, २०४९ को नियम १५(घ) को व्यवस्था अनुरुप सूचित गरिएको दावीको अनुमानित दायित्वमा कम्पनीको अंशको ११५ प्रतिशतले हुन आउने रकम दावी वापत व्यवस्था गरिएको छ । सो व्यवस्थामा श्रृजना भएको तर जानकारीमा नआएका (IBNR) बीमा दावी समेतको व्यवस्था समावेश छ ।

३. बीमकको सम्पत्तिमा आएको सीमितता तथा विवादहरू - छैन ।

४. कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि गरिएको प्रतिबद्धता - छैन ।

५. लगानीसंग सम्बन्धित देहायका खरिद बिक्री सम्झौताहरूको मूल्य

अ) खरिद गरिएको सम्पत्तिको स्वामित्व प्राप्त नभएको - छैन ।

आ) बिक्री गरिएको सम्पत्तिको भुक्तानी प्राप्त नभएको - छैन ।

### (क) यस वर्षभरिको थप लगानी यसप्रकार छन् ।

| | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वाणिज्य वैंकहरुको मुद्दती निक्षेप | १६,६०,००,००० | ४,०३,००,००० |
| विकाश वैंकहरुको मुद्दती निक्षेप | – | ३०,००,००० |
| वित्त कम्पनीहरुको मुद्दती निक्षेप | २०,००,००० | – |
| राष्ट्रिय वचत पत्रमा लगानी | – | ३,५२,९८,००० |
| नागरीक लगानी कोष (उपदान कोष) | – | २५,४०,८१७ |
| पब्लिक लिमिटेड कं. को शेयर | ८,४३,६०० | १३,५५,२०० |
| **जम्मा** | १३,२५,५८,८७६ | ११,६९,२८,९८६ |

### (ख) बिक्री/फिर्ता लिएको लगानीको विवरण यसप्रकार छन्:

| | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वाणिज्य वैंकहरुको मुद्दती निक्षेप | ६,१७,००,००० | १५,७२,००,००० |
| विकास वैंकहरुको मुद्दती निक्षेप | १,३५,००,००० | ३,७५,००,००० |
| वित्त कम्पनीहरुको मुद्दती निक्षेप | ६५,००,००० | २,१२,५०,००० |
| **जम्मा** | ८,१७,००,००० | २१,५९,५०,००० |

६. यस आर्थिक वर्षभरी गरिएको लगानी तथा विक्रि फिर्ता लिएको विवरण यसप्रकार छन् ।

७. बैंक मौज्दात हिसाब सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाको हिसाब मिलान स्टेटमेन्ट सहितको व्यहोरा

सम्बन्धित बैंक र बित्तिय संस्थासंग हिसाब मिलान गरिएको छ । सवै वैंक तथा वित्तिय संस्थाहरुवाट प्राप्त स्टेटमेन्टको आधारमा हिसाव मिलान (RECONCILIATION) गरिएका छन् ।

८. शंकास्पद आसामी व्यवस्था

(क) बीमक/पुनर्बीमकसंग लिनु दिनु बाँकी हिसाब सम्बन्धमा सम्बन्धित बीमक/पुनर्बीमकको समर्थन सहितको हिसाब मिलान प्राप्त छ । समर्थन प्राप्त वाकींको हकमा व्यवस्था गरिएको छ ।

(ख) नेपाल राष्ट्र वैंकवाट संकटग्रस्त वा सिघ्र सुधारात्मक कार्यवाहीको विभिन्न सूचना जारी गरिएको एक वित्तिय संस्थामा रहेको निक्षेप रु.२९,४८,४०० वरावर व्यवस्था गरिएको छ ।

९. कम्पनीले गरेको लगानी वीमा समितिले तोकिएको क्षेत्र भित्र रहेका छन् । वीमा समितिको निर्देशन अनुसार नेपाल सरकारको वचतपत्र तथा ऋणपत्रमा लगानी उपलव्ध भएमा थप गरिने छ ।

१०. कम्पनीको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग भएको कारोबार

कम्पनीको संचालक वा संचालकसंग सम्वन्धित व्यक्ति वा संस्थालाई वीमालेख जारी गरिएकोमा यस बर्ष रु. १९,७९,३५१ (गत वर्ष रु. ३५,४९,११८) विमाशुल्क प्राप्त भएको छ तथा यस बर्ष रु. ७,७८,५३६ (गत वर्ष रु. ८,२५,००८) दावी भुक्तानी गरिएको छ ।

११. कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षणमा लिएको ऋणको धितो, शर्त तथा औचित्य

यस बर्षको अन्त्यमा कुनै तिर्न बांकी ऋण नरहेको ।

१२. कम्पनीले कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको आ. व. तथा त्यस्तो चुक्ता प्रमाणपत्र प्राप्त हुन बाँकी आ.व. र सो सम्बन्धी विवरणका साथै अघिल्लो आ.व.हरूको कर जरिवाना ब्याज बापत दावी परेको र यस आ.व.मा भुक्तानी भएको रकम

आर्थिक वर्ष २०६१/६२ सम्म र २०६५/६६ को आयकर फछ्र्यौट भईसकेको छ । आर्थिक वर्ष २०६२/६३ र २०६३/६४ को सम्बन्धमा आर्थिक बिधेयक २०६४ दफा २७ को विशेष व्यवस्था अनुसार असमाप्त जोखिम र सुचित गरिएको दाबी बाँकी व्यवस्थाको खर्च मान्यताको लागि पूनः कर निर्धारण आदेश हुन ठूला करदाता कार्यालयमा आवश्यक निर्णयको लागि अनुरोध गरिएको छ ।

ठुला करदाता कार्यालयले आ.ब. ०६४.६५ को अन्तिम कर निर्धारण गर्दा आ. व. २०६२.६३ देखिको असमाप्त जोखिम कोष र सुचित गरिएको दाबी बाँकी व्यवस्थालाई हिसाव मिलान नगर्दा कम्पनीलाई पर्न गएको थप आयकर दायित्व रु. ३८,८२,००६ उपर कम्पनीलाई चित्त नबुझी राजश्व न्यायाधिकरणमा पुनरावलोकनको लागि निवेदन दिएकोमा आ. व. २०६८.०६९ मा सो रकम समेत थप आयकर व्यवस्थामा गरी सकेको छ ।

आ. व. २०६८/०६९ को नपुग कर तथा शूल्क रु. १३,४०६ खर्च व्यवस्था गरिएको छ ।

१३. फिर्ता गरेको बीमाशुल्कको परिमाण र कारण

यस बर्षमा रु. १,०८,३४,००२ (गत बर्ष रु. ७४,८०,६१७) बराबरको कूल विमाशुल्क फिर्ता गरिएको छ । विमाशुल्क फिर्ता गरेको कारणहरु यसप्रकार छन् ।

(क) विमितको अनुरोधमा विमांक रकम घटाएको ।
(ख) विमालेखमा वहन गरेको जोखिम हटाएको ।
(ग) भिषा नपाएको कारणले ट्राभल मेडिकल ईन्स्योरेन्सको विमालेख रद्द गरेको ।

१४. अपलेखन हुन बाँकी खर्च रु.९७६,६७२ अनुसूची – २४ मा उल्लेख भए वमोजिम रहेको छ ।

१५. चुक्ता पूँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in advance), भुक्तानी प्राप्त हुन बाँकी (Call in arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिएका शेयरको विवरण

- छैन ।

१६. लिज होल्ड सम्पत्तिमा गत आर्थिक वर्षसम्म र यस आर्थिक वर्ष खर्च (Amortization) लेखिएको रकमको विवरण

- छैन ।

१७. वर्षभरिमा भएको वासलात बाहिरको कारोबारको विवरण

- छैन ।

१८. अघिल्ला बर्षहरूसंग सम्बन्धित आम्दानी तथा खर्चहरूको विवरण

निर्जीवन बीमा व्यवसायको खुद बीमा शुल्कको ५० प्रतिशत रकम असमाप्त जोखिम व्यवस्थामा सारिएको छ । गत वर्षको यस्तो व्यवस्थाको रकम यस वर्ष आम्दानी जनाइएको छ । तर सामुद्रिक बीमा तर्फ तीन वर्ष नाघेको रकम मात्र आम्दानी जनाउने गरिएको छ ।

१९. सम्बन्धित पक्षहरू संगको कारोबार (Related Party Transactions)

यस कम्पनीको उच्च व्यवस्थापनमा कार्यरत अध्यक्ष, प्रबन्ध संचालक र संचालकहरु यस प्रकार छन् :

| | | |
|---|---|---|
| राज कृष्ण श्रेष्ठ | - | अध्यक्ष |
| बिक्रम कृष्ण श्रेष्ठ | - | संचालक |
| बिजित कृष्ण श्रेष्ठ | - | संचालक |
| माधव दास श्रेष्ठ | - | संचालक |
| अजय रत्न स्थापित | - | संचालक |
| सन्नी श्रेष्ठ | - | संचालक |
| नुरा कुमारी शर्मा | - | संचालक |
| मंगल प्रसाद श्रेष्ठ | - | संचालक (स्वतन्त्र) |
| दशरथ लाल श्रेष्ठ | - | संचालक (स्वतन्त्र) |
| महेन्द्र कृष्ण श्रेष्ठ | - | प्रबन्ध संचालक |

मुख्य व्यवस्थापन पदाधिकारीहरूलाई प्रदान गरिएको पारिश्रामिक तथा सुविधहरू:

यस बर्ष प्रबन्ध संचालकलाई बोनस सहित रु. ३३,६८,०७५ (गत बर्ष रु. ३४,२९,९५३) भुक्तानी गरेको छ । उपरोक्त वाहेक नियुक्तीको शर्त बमोजिम निजलाई सवारी साधन तथा अन्य सुबिधाहरु कम्पनीले प्रदान गरेको छ ।

मुख्य व्यवस्थापनका पदाधिकारीसंग भएको कारोबार

कम्पनी तथा मुख्य व्यवस्थापनका पदाधिकारीहरु विच भएको कारोबारको निमित्त यस बर्ष निम्न खर्चहरु भुक्तानी गरिएको छ ।

| कारोवारको किसिम | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ताको भुक्तानी | ४,९१,२०० | ३,८५,५०० |
| अन्य खर्च तथा सुविधा | १,२०,००० | ९३,००० |

बुदा नं. १० मा उल्लेख भएका कारोबार बाहेक अन्य कुनै प्रकारको कारोबार नभएको ।

२०. बीमा सेवा शुल्क

कुल बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क वापत बीमा समितिलाई भुक्तानी गर्ने गरी लेखाङ्कन गरिएको छ । सो शुल्क वापत पुनर्बीमकबाट अशुली भएको कट्टा गरी बाँकी प्रत्येक बीमा आय व्यय हिसाबमा खर्च लेखाङ्कन गरिएको छ ।

२१. कर्मचारी आवास सुविधा

कर्मचारी आवास सुविधा वापत रकम छुट्टाइएको छैन ।

२२. चुक्ता पूँजीमा भएको परिवर्तन

| आर्थिक वर्ष | अधिकृत पूंजि रु | जारी पूंजि रु. | चुक्ता पूंजि रु. | कैफियत |
|---|---|---|---|---|
| २०५०/०५१ | ८,००,००,००० | ३,००,००,००० | ३,००,००,००० | |
| २०६४/०६५ | १६,००,००,००० | १२,००,००,००० | ६,३०,००,००० | ११०% ले वोनस शेयर थप भएको |
| २०६५/०६६ | १६,००,००,००० | १२,००,००,००० | १०,०८,००,००० | ६०% हकप्रद शेयर जारी भएको |

## २३. कर्मचारी वोनस व्यवस्था

यस आर्थिक वर्ष कर अघिको खुद नाफावाट १० प्रतिशतले हुने रकम रु.१,०४,१९,५२० कर्मचारी वोनस व्यवस्था गरिएको छ ।

## २४. Profit Commission

पूनर्विमकवाट नगद वा कनफर्मेसन प्राप्त भएपछि Profit Commission आम्दानी वाध्ने गरिएको छ । यस आर्थिक वर्ष Profit Commission वापत कुनै रकम प्राप्त भएको छैन ।

## २५. स्थगन कर (Deferred Tax)

स्थगन कर सम्पत्ति र दायित्वको गणना आषाढ ३१, २०७० को विवरण निम्नानुसार रहेको छ :

### स्थगन कर सम्पत्ति (दायित्व)

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| **स्थगन कर सम्पत्ति** (Deferred Tax Assets) | | |
| स्थिर सम्पत्ति | | |
| उपदान व्यवस्था | ५९,२६,६५३ | ५६,८०,३२१ |
| विदा वापत व्यवस्था | १०,८५,२०३ | ८,४२,८६५ |
| सृजना भएको तर जानकारीमा नआएको दावीको (IBNR) व्यवस्था | १३,९७,१४९ | १३,१७,१७५ |
| शंकास्पद आसामीको व्यवस्था | - | - |
| **जम्मा स्थगन कर सम्पत्ति** (Deferred Tax Assets) | ८४,०९,००५ | ७८,४०,३६१ |
| **स्थगन कर दायित्व** (Deferred Tax Liabilities) | | |
| स्थिर सम्पत्तिमा | ४,८२,५७९ | ८०,३१९ |
| विकाश ऋणपत्रमा प्रिमियम | २,९३,००२ | ४,८२,८३४ |
| **जम्मा स्थगन कर दायित्व** (Deferred Tax Liabilities) | ७,७५,५८१ | ५,६३,१५३ |
| **खुद स्थगन कर सम्पत्ति** | ७६,३३,४२४ | ७२,७७,२०८ |

संकास्पद असामी वापत व्यवस्था गरेको रकममा स्थगन कर हिसाव गरिएको छैन ।

## २६. महाविपत्ती जगेडा कोष

कम्पनीले महाविपत्तीको लागि पूनर्विमा गर्ने व्यवस्था गरिएको छ । महाविपत्ति जगेडा कोषमा आ. व. २०६९/०७० को आषाढ मसान्तमा रु.३० लाख जम्मा भएको छ ।

## २७. उपदान कोष

कर्मचारीको उपदान तथा विदा बापत व्यवस्था प्रोदभाविको (Accrual) आधारमा लेखाङ्कन गरी नागरिक लगानी कोषमा जम्मा गरिएको रकम यसै वर्ष देखि अनुसूची २१ मा अन्य सम्पत्तीमा देखाई गत वर्षको वित्तिय विवरणमा समेत सोही अनुसार समायोजन गरिएको छ ।

## २८. पैसालाई निकट्म रूपैयांमा परीणत गरी देखाइएको छ ।

## २९. गत आर्थिक वर्षको अङ्कलाई आवश्यकता अनुसार पुनः वर्गिकरण गरिएको छ ।

## ३०. वित्तिय विवरणको स्विकृती

वीमा समितिको स्विकृत पश्चात् वित्तिय विवरण प्रकाशानार्थ योग्य हुनेछ ।

## प्रमुख सूचाङ्क

अनुसूची - २७

| क. सं. | विवरण | सूचाङ्क | आ.ब. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/०६९ | २०६९/०७० |
| १ | नेट वर्थ | रु. | १५१,९६७,१०९ | १७१,३३१,६३३ | १८२,५१४,४७६ | १२६,८४२,६८६ | १९९,३०८,४२६ |
| २ | शेयर संख्या | संख्या | १,००८,००० | १,००८,००० | १,००८,००० | १,००८,००० | १,००८,००० |
| ३ | प्रति शेयर किताबी मूल्य | रु. | १५०.७६ | १६९.९७ | १८१.०७ | १२५.८४ | १९७.७३ |
| ४ | खुद नाफा | रु. | २४,४१९,६२९ | ३१,९६४,५२४ | ११,३५४,३०७ | (५४,६९५,११९) | ७२,४६५,७४० |
| ५ | प्रति शेयर आय (EPS) | रु. | २४.२३ | ३१.७१ | ११.२६ | (५४.२६) | ७१.८९ |
| ६ | प्रति शेयर लाभांश (DPS) | रु. | १०.०० | १२.५० | ० | ० | ० |
| ७ | प्रति शेयर बजार मूल्य (MPPS) | रु. | २८५ | २३४ | २०० | १९७ | १८२ |
| ८ | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | ११.७६ | ७.३८ | १७.७६ | (३.६३) | २.५३ |
| ९ | खुद बीमाशूल्क/कुल बीमाशुल्क | प्रतिशत | ३२.३९ | ३४.२१ | ३३.१५ | ३२.६२ | २४.८८ |
| १० | खुद नाफा/कूल बीमाशुल्क | प्रतिशत | ६.३५ | ६.०० | २.०७ | (९.१९) | ८.०७ |
| ११ | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | ११०.२७ | ११२.७४ | १००.६१ | ७७.६७ | १०२.४१ |
| १२ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ५.०२ | ६.८० | ११.०९ | १०.२५ | ७.७२ |
| १३ | पुनर्वीमा कमिशन आय/कुल पुनर्बीमाशुल्क | प्रतिशत | १८.८३ | १५.७७ | १६.४० | १४.२४ | ९.६५ |
| १४ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | ९.९५ | ८.५१ | ९.०० | ९.०९ | ६.४० |
| १५ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमाशुल्क | प्रतिशत | ५.९७ | ४.२९ | ३.७९ | ३.७५ | २.८९ |
| १६ | बीमा अभिकर्ता संख्या | संख्या | ८४ | १०३ | १०२ | १०२ | ९५ |
| १७ | कर्मचारी संख्या | संख्या | ८० | ९१ | ९४ | ९३ | ९१ |
| १८ | कार्यालयको संख्या | संख्या | ७ | ७ | ७ | ७ | ७ |
| १९ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | ५४.९८ | ५९.०९ | ५६.९६ | ५१.९२ | ६२.०३ |
| २० | कर्मचारी खर्च/कर्मचारी संख्या | रु. | २६२,६९५ | २९४,१६५ | २९९,३६८ | ३०२,१४१ | ३९१,५६२ |
| २१ | भुक्तानी हुन बांकी दावी रकम/भुक्तानी भएको दावी रकम् | प्रतिशत | ६०.७६ | ६१.४४ | ६८.२५ | ९५.५१ | ९०.६५ |
| २२ | भुक्तानी हुन बांकी दावीको संख्या/यस बर्ष भुक्तानी भएको दावीको संख्या | प्रतिशत | ८.९४ | ९.९९ | ८.२६ | ७.७९ | ११.९२ |
| २३ | कुल कायम रहेको बीमालेखको संख्या | संख्यामा | २४८६४ | ४१०४७ | ३९६५४ | ३८११३ | ३७९६७ |
| २४ | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/गत वर्ष कायम रहेको बीमालेखको | प्रतिशत संख्या | ४१.४७ | ४०.९३ | २९.४२ | ३५.५० | ३७.६१ |
| २५ | दावी परेको बीमालेखको संख्या/कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | १० | १९.९६ | २६.६४ | २४.६१ | ३१.२२ |
| २६ | सोल्भेन्सी मार्जिन | प्रतिशत | | | | | |

# बीमाङ्कको विवरण

अनुसूची-२८

रु. हजारमा

| क्र.सं. | बीमाको किसिम | कायम रहेको बीमालेखको संख्या | | कायम रहेको बीमालेख अन्तर्गत जम्मा बीमाङ्क | | पुनर्बीमकलाई जोखिम हस्तान्तरण गरिएको बीमाङ्क | | बीमकले खुद जोखिम धारण गरेको बीमाङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष |
| १ | अग्नि बीमा | २,७४७ | २,५०९ | ३६,५२९,२३९ | २८,१६७,६०२ | २८,१३८,४०१ | २०,८७६,७९७ | ८,३९०,८३८ | ७,२९०,८०५ |
| २ | सामुद्रिक बीमा | १,२४१ | १,१३५ | ९,०७७,१२९ | ९,०१४,५९४ | ८,३११,३३३ | ८,३७१,२०८ | ७६५,७९६ | ६४३,३८६ |
| ३ | हवाई बीमा | १ | २ | २,८९६,६८० | १,०७०,४०० | २,८८७,९९० | १,०६९,८६४ | ८,६९० | ५३६ |
| ४ | मोटर बीमा | २९,६५७ | ३०,०८९ | १०,०३०,८८४ | ८,७१८,५४९ | १११,७०० | ८६,५०० | ९,९१९,१८४ | ८,६३२,०४९ |
| ५ | ईन्जिनियरिङ्ग तथा ठेकेदार बीमा | ८६ | ६५ | १५,७९४,६०१ | ९०६,३१५ | १५,६०३,७२३ | ७६०,७९४ | १९०,८७८ | ‸ १४५,५२१ |
| ६ | विविध बीमा | ४,२३४ | ४,३१३ | ८०,५१३,२९३ | ९१,७२९,३३२ | ७७,८९७,०९३ | ८९,३८५,७८७ | २,६१६,२०० | २,३४३,५४५ |
| | **जम्मा** | ३७,९६६ | ३८,११३ | १५४,८४१,८२६ | १३९,६०६,७९२ | १३२,९५०,२४० | १२०,५५०,९५० | २१,८९१,५८६ | १९,०५५,८४२ |

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.

## आ. व.२०६५/६६ देखि आ. व. २०६९/७० सम्मको

## तुलनात्मक वित्तीय संक्षिप्त विवरण

रु. हजारमा

| | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८र६९ | २०६९/७० |
|---|---|---|---|---|---|
| **वासलात** | | | | | |
| **श्रोट :** | | | | | |
| **चूक्ता पूँजी** | १००,८०० | १००,८०० | १००,८०० | १००,८०० | १००,८०० |
| **जगेडा तथा कोष** | ३३,६१५ | ३८,९१२ | ५०,०९५ | (४,६००) | ३१,८११ |
| साधारण जगेडा | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० |
| पूंजिगत जगेडा | | | | | |
| विशेष जगेडा | | | | | |
| अन्य जगेडा | | | | | |
| शेयर प्रिमियम | | | | | |
| प्रस्ताबित बोनस | | | | | |
| स्थगन कर जगेडा | | ५,८३१ | २८,१०६ | ७,२७७ | ७,६३३ |
| नाफा-नोक्सान हिसाब बाट सारेको | ३,६१५ | ३,०८१ | (८,०११) | (४१,८७७) | (५,८२२) |
| **बीमा कोष** | १५,५५२ | २८,६१९ | २८,६१९ | २८,६१९ | ६४,६७४ |
| **महा बिपत्ति जगेडा** | २,००० | ३,००० | ३,००० | ३,००० | ३,००० |
| **तिर्न वांकी दिर्घकालिन ऋण तथा सापटी** | ० | ० | ० | ० | ० |
| **कुल श्रोत** | १५१,९६७ | १७१,३३१ | १८२,५१४ | १२७,८१९ | २००,२८५ |
| **उपयोग :** | | | | | |
| **स्थिर सम्पत्ति (खुद)** | ४४,००६ | ४१,४५१ | ४६,०५० | ४४,६४४ | ४०,८८८ |
| **दीर्घकालिन लगानी** | १७०,६९९ | २०३,४४३ | १२३,१७४ | १४४,०१८ | १३०,१४३ |
| **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरुः (क)** | १३३,५३६ | २२७,५३८ | ३८६,४५७ | ५१९,७८५ | ७०६,८६४ |
| नगद तथा बैक मौज्दात | १४,६४४ | ११,५८५ | ३२,६४१ | ३५,६३४ | ८,२४४ |
| अल्पकालिन लगानी | ९५,३९८ | १७९,५८३ | २३२,८३७ | २७२,३०६ | ४४९,०२१ |
| कर्जा | | | | | |
| अन्य सम्पत्ती | २३,४९४ | ३६,३७० | १२०,९७९ | २१०,२३६ | २४८,६२२ |
| अपलेखन वा समायोजन हून बाँकी विविध खर्चु | ० | ० | ० | १,६०९ | ९७७ |
| **चालु दायित्व तथा व्यवस्थाहरु : (ख)** | १९६,२७४ | ३०१,१०१ | ३७३,१६७ | ५८०,६२८ | ६७७,६१० |
| अन्य चालु दायित्व | ६१,०९२ | ८६,१०४ | ८५,५८१ | १६८,७६० | २३०,८८८ |
| असमाप्त जोखिम व्यवस्था | ६३,०५४ | ९२,१०० | ९२,१११ | ९८,२७९ | ११२,८८५ |
| भुक्तानी हुन बांकी दावी व्यवस्था | ३२,३०९ | ६८,०२७ | ७७,३५६ | ९२,२०२ | ९७,८०१ |
| अन्य व्यवस्था | ३९,८१९ | ५४,८७० | ११८,११९ | २२१,३८७ | २३६,०३६ |
| **खुद चालू सम्पत्ती (ग) = (क) - (ख)** | (६२,७३८) | (७३,५६३) | १३,२९० | (६०,८४३) | २९,२५४ |
| **कुल उपयोग** | १५१,९६७ | १७१,३३१ | १८२,५१४ | १२७,८१९ | २००,२८५ |
| | | | | | |
| **वार्षिक** | | | | | |
| कूल प्रिमियम | ३८४,००४ | ५३२,६२३ | ५४८,९९३ | ५९५,१४४ | ८९५,०५४ |
| खूद प्रिमियम | १२४,३६४ | १८२,२२१ | १८२,००० | १९४,१५४ | २२३,४०७ |
| कूल दावी भुक्तानी | ९१,०९५ | १५८,६९० | ४०५,१२३ | ४११,११० | १८३,१६३ |
| खूद दावी भुक्तानी | ५३,१७७ | ७४,६२५ | ११३,३३८ | ९६,५३६ | १०७,८८७ |
| खूद दावी खर्च | ६९,७३६ | ११०,३४४ | १२२,६६७ | १११,३८३ | ११३,४८५ |

रु. हजारमा

| | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८र६९ | २०६९/७० |
|---|---|---|---|---|---|
| व्यवस्थापन खर्च बीमा आय सम्बन्धि | ३४,४०२ | ४०,७७३ | ४४,४६६ | ४८,७०५ | ५१,६९९ |
| बीमा व्यवसायमा बचत | ३३,५१८ | ४४,४८० | ७२,६२३ | ८५,२९१ | १०९,०७३ |
| ब्याज आम्दानी | १३,३६८ | २५,१७८ | ३८,६०३ | ४२,४१९ | ३९,१९९ |
| विविध आम्दानी | ८५१ | ८७१ | ८६२ | २५० | ५,५३२ |
| खूद नाफा (करअघि) | ३२,०७५ | ४५,६६९ | १४,६४९ | (३६३) | १०४,१९५ |
| आयकर व्यवस्था (बिशेष शूल्क समेत) | ७,६५५ | १३,७०४ | ३,४६६ | ५४,३३२ | ३१,७२९ |
| मुनाफा (आयकर पछि) | २४,४२० | ३१,९६५ | ११,१८३ | (५४,६९५) | ७२,४६६ |
| | | | | | |
| **प्रति शेयर** | रु. | रु. | रु. | रु. | रु. |
| खूद मुनाफा | २४.२३ | ३१.७१ | ११.२६ | (५४.२६) | ७१.८९ |
| किताबी मुल्य | १५०.७६ | १६९.९७ | १८१.०७ | ११९.५९ | १९७.७३ |
| लाभांश | १० | १२.५० | – | – | – |
| | | | | | |
| **मूख्य अनूपात** (key ratio) | % | % | % | % | % |
| वार्षिक कूल प्रिमियम वृद्धि (न्युन) | १६.६५ | ३८.७ | ३.०० | ८.४१ | ५०.९० |
| वार्षिक खूद प्रिमियम वृद्धि | ३६.३० | ४६.५२ | (०.१२) | ६.६८ | १५.७० |
| खूद दावी भुक्तानी (खूद प्रिमियमको प्रतिशतमा) | ४२.७ | ४०.९५ | ६२.२७ | ४९.७२ | ४८.२९ |
| दावी बाँकी थप घट (खूद प्रिमियमको प्रतिशतमा) | १३.३७ | १९.६१ | ५.१३ | ७.६५ | २.५१ |
| खूद दावी खर्च (खूद प्रिमियमको प्रतिशतमा) | ५६.०७ | ६०.५६ | ६२.२७ | ४९.७२ | ४८.२९ |
| | | | | | |
| **कर्मचारी संख्या** | ८० | ९१ | ९४ | ९३ | ९१ |
| | | | | | |
| **व्यवसायगत** | | | | | |
| अग्नि प्रिमियम | ७५,४०३ | ७२,९५५ | ६१,२१८ | ६९,८१३ | ९०,७३५ |
| सामूद्रिक प्रिमियम | ७,५१६ | ९,३५८ | ९,९२५ | १५,६८४ | २३,०३६ |
| मोटर प्रिमियम | ९८,६८२ | १६९,६१२ | १५८,१४२ | १६४,४५२ | १९०,९३९ |
| ठेकेदार, इन्जिनियरीङ प्रिमियम | २७,०२३ | १३,२२१ | २५,७६४ | ४७,८११ | ४४,१९१ |
| हवाई प्रिमियम | ७,०७४ | ८३,९०६ | ८१,१७४ | ६७,३७७ | ३१६,६९९ |
| विविध प्रिमियम | १६८,३०६ | १८३,५७० | २१२,७७० | २३०,००७ | २३२,४५४ |
| **कुल प्रिमियम** | ३८४,००४ | ५३२,६२२ | ५४८,९९३ | ५९५,१४४ | ८९८,०५४ |
| | | | | | |
| **व्यवसायगत बचत** | | | | | |
| अग्नि | १७,३९२ | १६,५४५ | २१,५४८ | १८,०६५ | १८,०५१ |
| सामूद्रिक | १,३८४ | १,०८६ | २,५३४ | २,७८१ | ३,५९७ |
| मोटर | ११,५७१ | १६,७९९ | ५१,४०५ | ५३,५९१ | ७९,०८० |
| ठेकेदार, इन्जिनियरीङ | १,२७६ | १,१७५ | ८८१ | २,६०० | ३,२०५ |
| हवाई | ३२६ | १,०५० | (८,७८५) | (६९३) | (१३,१२१) |
| विविध | १,६६८ | ७,८२५ | ५,०४० | ८,९४६ | १८,२६१ |
| **कुल बचत** | ३३,६१७ | ४४,४८० | ७२,६२३ | ८५,२९० | १०९,०७३ |




## आर्थिक वर्ष २०६९/२०७०




## आर्थिक वर्ष २०६८/२०६९




# गत पाँच वर्षको कुल प्रिमियम, लगानी, पुनर्वीमा, खुद प्रिमियम र मुनाफा (आयकर पछिको)




# गत पाँच वर्षको व्यवसायगत बीमा प्रिमियम

बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810316, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

मिति : २०७० / ११ / २९

वि.वि.शा.३९१(२०७० / ७१) च.नं. 3866

श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.,
बबरमहल, काठमाण्डौ ।

विषय : आ.व.०६९ / ७० को वित्तिय विवरण स-शर्त स्वीकृति बारे ।

यस समितिमा प्राप्त तहाँको मिति २०७० / ११ / २० (च.नं.८२४ / २०७० / ७१) समेतको पत्र सम्बन्धमा लेखिदैछ ।

बीमकको वित्तीय विवरण प्रतिको उत्तरदायित्व बीमकमा रहेको सर्वविदितै छ । लेखा परीक्षण भई समितिको स्वीकृतिको लागि पेश हुन आएको तहाँको आ.ब. २०६९ / ७० को वित्तीय विवरण सम्बन्धमा देहाय बमोजिमका शर्तहरु सहित स्वीकृत गरिएको व्यहोरा निर्णयानुसार आवश्यक कार्यार्थ जानकारी गराइन्छ ।

१) समितिको लगानी निर्देशनको प्रतिकुल हुने गरी लगानी गरिएको तर्फ बीमक सचेत रहनु हुन ।
२) बीमकको अण्डरराइटिङ्ग तथा दावी भुक्तानी प्रकृया प्रभावकारी बनाउनु हुन ।
३) बीमकले बीमा व्यवसाय गर्दा पुनर्बीमा सम्बन्धी निर्देशिकाले तोकिए बमोजिमको जोखिम धारण गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु हुन ।
४) बीमकले बाली तथा पशुपंछि बीमाको माइक्रो प्रोडक्टहरु तयार गरी न्यून आय भएको ग्रामिण जनताहरुसम्म बीमा सेवाको पहुँच पुऱ्याउनु हुन ।
५) वित्तीय विवरण स्वीकृति भएको मितिबाट ६० दिन भित्र वार्षिक साधारण सभा गर्नु हुन ।
६) लेखा परिक्षकले औंल्याईएको अन्य कैफियतहरु सुधार गर्नु हुन ।

(सन्तोष प्रसाई)
चार्टर्ड एकाउन्टेन्ट

यस कम्पनीको आर्थिक वर्ष २०६९/०७० को वित्तिय विवरण वीसौ वार्षिक साधारण सभा प्रयोजनको लागि प्रकाशन गर्न श्री वीमा समितिवाट स्वीकृति प्रदान गर्दा जारी गरेको शर्तहरुको सवन्धमा संचालक समितिवाट देहाय वमोजिमको प्रत्युत्तर पारित गर्ने र सो प्रत्युत्तर वीसौ वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशन गर्ने तथा वीमा समितिमा समेत पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

१. समितिले जारी गरेको लगानी सम्वन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्नु हुन ।

   **प्रत्युत्तरः** कम्पनीको लगानीलाई वीमा समितिको लगानी सम्वन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्ने क्रममा नेपाल सरकारको ऋणपत्र तथा वचतपत्रमा लगानी थप गर्दै आईरहेको छ । नपुग सम्वन्धमा नेपाल सरकारको ऋणपत्र तथा वचत पत्र उपलब्ध हुना साथ थप लगानी गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

२. वीमकको अण्डरराईटिङ्ग तथा दावी भुक्तानी प्रकिया प्रभावकारी वनाउनुहुन ।

   **प्रत्युत्तरः** आन्तरिक नियन्त्रण प्रणालीको माध्यमवाट अण्डरराईटिङ्ग तथा दावी भुक्तानी प्रकिया अझ प्रभावकारी वनाउन व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

३. वीमकले वीमा व्यवसाय गर्दा पूनर्विमा सम्वन्धि निर्देशिकाले तोकिए वमोजिम जोखिम धारण गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु हुन ।

   **प्रत्युत्तरः** कम्पनीको सर्वोपरी हितलाई ध्यानमा राखी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाएर पूनर्विमा सम्वन्धि निर्देशिकाले तोके वमोजिम जोखिम धारण गरी पूनर्विमा गर्ने व्यवस्था मिलाउन व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

४. वीमकले वाली तथा पशुपंछी वीमाको माईको प्रोडक्टहरु तयार गरी न्यून आय भएको ग्रामिण जनताहरुसम्म वीमा सेवाको पहुँच पुऱ्याउनु हुन ।

   **प्रत्युत्तरः** वाली तथा पशुपंछी वीमाको माईको प्रोडक्टहरु तयार गरी न्यून आय भएको ग्रामिण जनताहरुसम्म वीमा सेवाको पहुँच पुऱ्याउन व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

५. वित्तिय विवरण स्वीकृति भएको मितिवाट ६० दिन भित्र वार्षिक साधारण सभा गर्नु हुन ।

   **प्रत्युत्तरः** वित्तिय विवरण स्वीकृति भएको मितिवाट ६० दिन भित्र वार्षिक साधारण सभा सम्पन्न गरिने छ ।

६. लेखापरीक्षकले औंल्याईएको अन्य कैफियतहरु सुधार गर्नु हुन ।

   **प्रत्युत्तरः** लेखापरीक्षकले औंल्याईएको अन्य कैफियतहरु सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको बीसौं वार्षिक साधारण सभाबाट कम्पनीको नियमावलीमा संशोधन

(नियम १७ (२) संचालक समितिको गठन र कार्यकाल)

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| यस कम्पनीमा १० जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक समुहवाट ५ जना सर्वसाधारण समूह वाट ३ जना र स्वतन्त्र संचालक २ जना रहने छन् । | यस कम्पनीमा ६ जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक समुहवाट ३ जना सर्वसाधारण समूहवाट २ जना र स्वतन्त्र संचालक १ जना रहने छन् । | वीमा समितिको संस्थागत सुशासन सम्वन्धि निर्देशन, २०६९ अनुसार १ जना मात्र स्वतन्त्र संचालक नियुक्त गर्न पर्ने भएकाले हालको संचालक समितिको पदावधि सकिएपछि लागु हुने गरि संचालक समितिको संरचनामा परिवर्तन गर्न आवश्यक देखिएको । |

# Nepal Aviation Insurance Summit 2014
# Organized by Himalayan General Insurance




















Head Office
HGI House, Babarmahal
GPO Box 148
Kathmandu, Nepal
Tel : 977 1 4231788, 4213014
Fax : 977 1 4241517
Email : ktm@hgi.com.np

## BRANCHES

BIRGUNJ
Mahabir Sthan, Main Road
Tel : 051 525366
Email : brj@hgi.com.np

KATHMANDU
Babarmahal, Kathmandu
Tel : 01 4231581
Email : durbarmarg@hgi.com.np

BIRATNAGAR
Sanimandir, Hanuman Das Road
Tel : 021 531848
Email : brt@hgi.com.np

BUTWAL
Milan Chowk, Rupandehi
Tel : 071 550543
Email : hgibtl@ntc.net.np

POKHARA
Ratnapuri, Parti
Tel : 061 462100
Email : pkrhgi@fewamail.com.np

LALITPUR
Ekantakuna, Lalitpur
Tel : 01 5001810
Email : ltp@hgi.com.np